सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ भदौ २०८०, शनिबार (26 Aug 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झ्याल नयाँ

केन्द्रमा देउवाको छहारी **भूगोलमा उत्तराधिकारीको जुहारी**



सम्बन्ध

प्रदेश र गृहजिल्लाको राजनीतिमा पटक-पटक दाउपेचका अभ्यास गरे पनि औपचारिक रूपमा भने साउद र लेखक सौहार्द सम्बन्ध देखाउँछन्

● केशवप्रसाद पाण्डे

बडीमालिका

सुदूरपश्चिमको सुन्दर पदमार्ग



पर्यटन

यात्राका क्रममा देखिने हिमालका दृश्य, खोलानदीमा बगेको पानीको आवाज, हरिया र मनमोहक वनक्षेत्रले यात्राको कठिनाइसमेत बिर्साउँछ।

● आर.बी. कटवाल

संग्रहालयमा पनि सुरक्षित छैनन् पुर्खाको नासो



अभिलेख

छाउनीस्थित नेपालकै ठूलो नेसनल म्युजियम भद्रगोल छ। म्युजियमभित्रै सड्दै छन् जंगबहादुर र भीमसेन थापाका भोटा।

● शिवहरि घिमिरे



महिला विश्वकपका आठ यादगार क्षण

खेल

● रमेश सुवेदी

हिरासतमै बलात्कार गरेको भन्दै डिएसपीविरुद्ध उजुरी

आफू प्रहरी हिरासतमा हुँदा ६ चैतको राति दुईपटक बलात्कार गरिएको भन्दै पीडित महिलाले दिइन् प्रहरीमा उजुरी

(विस्तृत पृष्ठ २)

■ एकीकृत समाजवादीका दुई वर्ष

सत्ता राजनीतिमा सफलता, संगठनमा धक्का

केन्द्रदेखि प्रदेशसम्म सत्ता राजनीतिमा सफलता प्राप्त गरे पनि एकीकृत समाजवादी संगठन विस्तार र आन्तरिक मतभेद व्यवस्थापनमा कमजोर, पार्टी सरकारमा हुँदा पनि भविष्यप्रति आश्वस्त हुन नसकेका नेता-कार्यकर्ताको दल त्याग गर्ने क्रम जारी

सत्य, कानुन र संविधान रक्षाका निम्ति लडेका हौं, समाजवादीले हीनताबोध गर्नुपर्दैन

● **माधव नेपाल**, अध्यक्ष



हाम्रो विद्रोहकै कारण संविधान जोगियो। संसद् जोगियो। तीनवटै तहको निर्वाचन सम्पन्न भएको छ। राजनीतिक रूपमा विद्रोह पुष्टि भएको छ। प्राविधिक रूपमा केही कमजोरी रहे। त्यसलाई सच्याउँदै अगाडि बढ्छौं। सत्य, कानुन र संविधान रक्षाका निम्ति लडेको हो। समाजवादीले हीनताबोध गर्नुपर्दैन।



विद्रोहका वेला पार्टीपंक्तिमा निकै ठूलो उत्साह, उमंग र शक्ति थियो, आज त्यो छैन

● **झलनाथ खनाल**, सम्मानित नेता



जतिवेला विद्रोह भएको थियो, त्यसवेला पार्टीपंक्तिमा निकै ठूलो उत्साह र उमंग थियो, तर आज त्यो छैन। विद्रोह गर्दा हामीसँग जुन शक्ति थियो, आज त्यो पनि छैन। हाम्रो पार्टी र विद्रोह गरिएको पार्टी (एमाले)का बीचमा सैद्धान्तिक र नीतिगत सवालमा भिन्नता के छ देखाउन सकिएको छैन। दुवै पार्टीमा जबजकै धड्धडी छ।

प्रेम गौतम/नयाँ पत्रिका

एमालेबाट अलग भई माधवकुमार नेपालको नेतृत्वमा बनेको एकीकृत समाजवादी पार्टी शनिबार दुई वर्षको भयो। विभिन्न उतारचढावबीच एमालेलाई सत्ता राजनीतिबाट विमुख गर्न र आफू केन्द्रदेखि प्रदेशसम्म सत्ता राजनीतिमा जोडिन सफल भए पनि संगठन विस्तार र आन्तरिक मतभेद व्यवस्थापनमा भने समाजवादी असफलजस्तै देखिएको छ। अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनालबीच राजनीतिक-वैचारिक र संगठनात्मक मतभेद छताछुल्ल भएका छन्।

९ भदौ ०७८ मा निर्वाचन आयोगबाट पार्टी दर्ताको प्रमाणपत्र लिएको एकीकृत समाजवादीले शनिबार 'पार्टी पुनर्गठन दिवस' मनाउँदै छ। अध्यक्ष नेपालले विद्रोहको औचित्य पुष्टि भएको बताउँदै आए पनि खुम्चिँदो संगठन चुनौती बन्दै गएको छ। पार्टी सरकारमा छ, तर पार्टीको भविष्यप्रति आश्वस्त हुन नसकेका नेता-कार्यकर्ताको पार्टी परित्याग गर्ने क्रम जारी छ।

एमालेबाट विद्रोह गरेर संसद् पुनर्स्थापना र स्थायित्वको राजनीतिक एजेन्डा पूरा गराउन भूमिका निर्वाह गरे पनि कम्युनिस्ट आन्दोलनको पुनर्गठन र रूपान्तरण गर्ने काममा एकीकृत समाजवादीलाई अपेक्षाकृत सफलता हात लागेको छैन। पार्टीमा 'संगठनात्मक, विचारधारात्मक, आचरणात्मक र शैलीको पुनर्गठन' बाँकी नै रहेको अध्यक्ष नेपाल आफैंले स्विकारेका छन्।

'नेपाली कम्युनिस्ट आन्दोलनमा भित्रिएका अनेकन् विकृति र विसंगतिका विरुद्ध मात्रै नभई आफैंभित्रका नकारात्मक पक्षविरुद्ध समेत लामो समय कठोर संघर्ष चलाएर पूरा गर्नुपर्नेछ,' बिहीबार मात्रै सकिएको केन्द्रीय समिति बैठकमा पेस गरेको राजनीतिक प्रतिवेदनमा नेपालले भनेका छन्, 'नथाकीकन गर्नुपर्दछ। हामीले आँट गर्‍यौं भने पक्कै पनि यो काम पूरा गर्न सकिन्छ।'

दुई वर्षको बीचमा विद्रोहको राजनीतिक रूपमा पुष्टि भए पनि संगठनात्मक रूपमा धेरै काम गर्न बाँकी रहेको नेताहरू बताउँछन्। एकीकृत समाजवादीको अंकगणितले पनि उसको असफलताको मापन देखाउँछ। त्यति मात्र होइन, पार्टी गठनपछि तीनवटै तहको निर्वाचन सामना गरेको एकीकृत समाजवादीभित्र विद्रोहको औचित्य पुष्टि भयो कि भएन भन्ने बहस छ। अध्यक्ष नेपालले विद्रोहको औचित्य पुष्टि भएको दाबी गर्दै आएका छन्। तर, सम्मानित नेता खनालले औचित्य पुष्टि हुन बाँकी नै रहेको औंल्याएका छन्।

'हाम्रो विद्रोहकै कारण संविधान जोगियो। संसद् जोगियो। तीनवटै तहको निर्वाचन सम्पन्न भएको छ। राजनीतिक रूपमा विद्रोह पुष्टि भएको छ। प्राविधिक रूपमा केही कमजोरी रहे। त्यसलाई सच्याउँदै अगाडि बढ्छौं। सत्य, कानुन र संविधान रक्षाका

» पृष्ठ २ मा क्रमशः

औचित्य पुष्टि गर्ने अवसर अझै बाँकी छ



अन्तर्वार्ता

झलक सुवेदी, विश्लेषक

एकीकृत समाजवादीले आफ्नो औचित्य पुष्टि गर्‍यो कि गरेन ?

नेपालमा दलहरू विभाजित भएर शक्ति आर्जन गरेको प्रायः देखिँदैन। माधव नेपालले शक्ति आर्जन गर्नुभयो कि गर्नुभएन भन्दा पनि विभाजित हुँदा संसद्मा कति संख्या थियो र अहिले कति छ भन्ने पनि हेर्नुपर्छ। अहिले राष्ट्रिय पार्टी बन्न सकेन। एमालेको मतदाताले स्वीकार नगरेको भन्ने देखिन्छ। राजनीतिमा धेरै 'मेजरमेन्ट'ले औचित्य पुष्टि हुने-नहुने भन्ने हुन्छ। त्यो देखाउने ठाउँ अझै पनि छ।

एमालेभन्दा कति फरक देखियो ?

एमालेको राजनीतिक कार्यदिशाभन्दा एकीकृत समाजवादीको कार्यदिशाको भिन्नता के हो भन्ने तर्क, सिद्धान्त, विचार र व्यवहार सबै हिसाबले पुष्टि हुनुपर्छ। एमालेभन्दा भिन्न राजनीतिक पाटोमा एकीकृत समाजवादी हिँडेको छ भन्ने दस्ताबेजको हिसाबले खासै देखिएको छैन। नेपालमा जनवादी क्रान्ति पूरा भयो। कम्युनिस्टका केही 'क्लासिकल' भाषा हुन्छन्, उनीहरूकै भाषामा भन्दा पुँजीवादी जनवादी क्रान्तिको चरण पूरा भयो। अब समाजवादतिर जाने हो भन्नेमा एउटा लाइन एकीकृत समाजवादीको छ। एमालेले अहिलेसम्म त्यसरी प्रस्ट व्याख्या गरेजस्तो लागेको छैन।

एकीकृत समाजवादीको भविष्य कस्तो देख्नुहुन्छ ?

नीति, कार्यक्रम, संगठन र नेतृत्वको विशेषतामा पार्टीको भविष्य निर्भर रहन्छ। गठबन्धनमा कोसँग जाने, कोसँग नजाने, राजनीतिमा के नीति लिने, जनतालाई के दिने भन्नेमा विश्वसनीयता हासिल गर्ने गरी अगाडि बढ्न सक्नुपर्छ। नेतृत्वप्रतिको विश्वसनीयता स्थापित नभएको हो कि भन्ने भएको छ। संसद्मा 'रेडिकल' वामपन्थीको विचार लियो र देखिने गरी दैनिक कार्यव्यवहारमा भिन्नता देखायो भने जनताले विश्वास गर्ने हुन्। जनताले विश्वास नगरेको पार्टीले अरू त केही गर्न सक्दैन। जनताले भोट दिएर ठूलो शक्ति बनाए भन्दैमा त्यो असल हुन्छ भन्ने पनि होइन। तर, गतिलो छ, जनताको मन जित्यो भने ढिलोचाँडो शक्ति आर्जन गर्छ। त्यो बाटोमा हिँड्ने कि नहिँड्ने भन्ने उहाँहरूले निर्णय गर्नुपर्छ। माधव नेपाल, झलनाथ खनालको पुस्ताबाट अर्को पुस्तामा उहाँहरू आफैंले प्रस्ताव गरेर नयाँ पुस्ताको नेतालाई नेता मान्ने गरी महाधिवेशनबाट अगाडि बढ्नुभयो भने नयाँ अनुभूति हुन्छ कि जस्तो लाग्छ।

सामाजिक सद्भाव कायम राख्न धरानवासीले निकाले च्याली



धरानमा **केदार बस्नेत**

सामाजिक सद्भाव कायम राख्न शुक्रबार धरानमा सर्वदलीय-सर्वपक्षिय च्याली निकालिएको छ। साम्प्रदायिक तथा धार्मिक सद्भाव खलल हुन नदिई संवादबाटै समाधान खोज्न धरानका राजनीतिक दल तथा संघसंस्थाले आह्वान पनि गरेका छन्।

काँग्रेस, एमाले, माओवादीसहित १३ राजनीतिक दल, धरान उपमहानगरपालिकाका मेयर र उपमेयर तथा पूर्वमेयरहरूसँगै विभिन्न संघ-संस्थाले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै वार्ता र छलफलबाट समाधान खोज्न आह्वान गरेका हुन्। धरानका पूर्वमेयरहरूको अगुवाइमा सद्भाव च्याली निकालिएको हो। सदियौंदेखिको सद्भाव कायम राख्न र भड्किन नदिन सन्देश प्रवाह गर्ने उद्देश्यले च्याली आयोजना गरिएको धरानका पूर्वमेयर तिलक राईले बताए।

» पृष्ठ २ मा क्रमशः

भारतमा र नेपालमा सुन तस्करी गर्ने समूह एउटै

६० किलो सुन तस्करीमा संलग्न तीन चिनियाँ भारतमा पनि पक्राउ परेर छुटेका थिए

नवराज मैनाली/नयाँ पत्रिका

कार्गोमार्फत ६० किलो सुन तस्करीमा संलग्न भएको आरोपमा पक्राउ परेका चिनियाँमध्ये तीनजना विगतमा भारतमा पनि यस्तै शैलीमा सुन तस्करीमा पक्राउ परी छुटेको पुष्टि भएको छ। प्रहरीले भारतीय अधिकारीसँग गरेको समन्वयमा कार्गोमार्फत विभिन्न सामानभित्र लुकाएर सुन तस्करी गर्ने क्रममा उनीहरू दुई वर्षअघि नयाँदिल्लीमा पक्राउ परेका थिए।



दुई वर्षअघि नयाँदिल्लीमा बरामद सुन, कार्गोमार्फत मेसिनरी सामानभित्र लुकाएर सुन तस्करी भएको थियो।



राजस्व अनुसन्धान विभागले काठमाडौंमा बरामद गरेको 'ब्रेकसु', यसैभित्र लुकाएर सुन तस्करी भएको थियो।

हाल सिआइबी हिरासतमा रहेका एलेक्स भनिने याओ पुसिङ, ली वेन र जेक्विङ ली विगतमा पक्राउ परेका हुन्। भारतीय अधिकारीहरूले यसको पुष्टि गरेको सिआइबी स्रोत बताउँछ। उनीहरूले मेसिनरी तथा धाराका सामानभित्र लुकाएर सुन तस्करी गरेका थिए।

भारतको राजस्व इन्टेलिजेन्स निर्देशनालय (डिआरआई)ले विशेष अप्रेसन चलाएर ठूलो मात्रामा सुन बरामद गरी उनीहरूलाई पक्राउ गरेको थियो। त्यहाँबाट छुटेपछि त्यही शैलीमा नेपालबाट पनि उनीहरूले तस्करी थालेको हुन सक्ने अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारीले जानकारी दिए।

भारतको डिआरआईले सन् २०२१ मा 'अप्रेसन मोल्टेन मेटल' र सन् २०२२ मा 'अप्रेसन गोल्डेन ट्याप' सञ्चालन गरी ठूलो मात्रामा तस्करीको सुन बरामद गरी विदेशी नागरिकलाई पक्राउ गरेको थियो। भारतमा र नेपालमा सुन तस्करी गर्ने समूह एउटै देखिएको सिआइबी स्रोत बताउँछ। प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायत सुन तस्करीको अन्तर्राष्ट्रिय सम्पर्कबारे अनुसन्धान भइरहेको बताउँछन्। तर, पक्राउ परेका व्यक्तिहरू विगतमा भारतमा पक्राउ परेको विषयमा आफूलाई जानकारी नभएको बताए।

» पृष्ठ २ मा क्रमशः

ललितानिवासको मुद्दाबारे आइतबार निर्णय हुने

काठमाडौं/ बहुचर्चित ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दाको अभियोजनबारे जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले आइतबार निर्णय गर्ने भएको छ। शुक्रबार प्रहरीको अनुसन्धान प्रतिवेदन अध्ययन गर्न नभ्याइएको कार्यालयले जनाएको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले दुई सय ३८ कसुरदार, ४८ जना जग्गाधनी र २१ जना मृतकलाई प्रतिवादी बनाउने रायसहितको प्रतिवेदन गत मंगलबार सरकारी वकिल कार्यालयलाई बुझाइसकेको छ। जसमा चार पूर्वमन्त्री तथा ६ पूर्वसचिवसमेत छन्। पहुँचवाला व्यक्तिहरू सिफारिस भएकाले मुद्दाको अभियोजन कमजोर बनाउन र केहीको नाम हटाउन सरकारी वकिलमाथि दबाब छ।

अभियोजनको विषयमा आइतबार नै निर्णय हुने जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले बताए। प्रहरीले संगठित अपराध तथा किर्ते मुद्दा चलाउन सिफारिस गरेको छ। ललितानिवास



परिसरको एक सय ४३ रोपनी ६ आना जग्गा किर्ते कागजपत्रका आधारमा योजनाबद्ध र संगठित रूपमा व्यक्तिको नाममा लगिएको सिआइबी निष्कर्ष छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सिजनमा नबिक्ने चिन्ताले प्रतिकेजी ३० रुपैयाँमै व्यापारीलाई स्याउ बेच्दै किसान

■ असोजमा भारतको स्याउ आउने भएकाले जुम्लामा सस्तोमै बिक्री

डोल्पामा **रामचन्द्र न्यौपाने** र जुम्लामा **मानदत्त रावल**

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ४ रंगका किसान हरि बुढाले नपाकेको दुई क्विन्टल स्याउ साउन अन्तिम साता नै बेचिसके। डोल्पा, हुम्ला क्षेत्रमा स्याउ रसिलो हुने समय भदौ अन्तिम सातादेखि असोजमा हो। तर, सिजनमा स्याउ नबिक्ने र गाईभैंसीलाई कुँडो बनाएर खुवाउनुपर्ने भएकाले उनले ३० रुपैयाँ प्रतिकेजीका दरले पाक्नुअघि नै स्याउ बेचेका हुन्।

बुढाको बर्गैंचामा स्याउका सय बोट छन्। 'नेपालगन्ज, सुर्खेत पुऱ्याउन सके त भाउ आउँथ्यो,' उनले भने, 'दुनैसम्म पुगेको सडक पनि कच्ची छ। बर्खामा लैजान सकिँदैन। त्यही भएर व्यापारीलाई स्याउ बेचिदिएँ।' रंगकै रुद्री बुढाले पनि ११ क्विन्टल स्याउ ३५ हजारमा बेचेका छन्। 'स्याउ पाकिसकेपछि व्यापारी आउँदैनन्। गाउँमा कति नै बिक्री हुन्छ र ?' उनले भने, 'पछि त्यत्तिकै फाल्नुभन्दा अहिले नै बेचिदिएँ।'

त्रिपुरासुन्दरी- ३ जिँउका किसान रामबहादुर गुरुङको बर्गैंचामा ३० क्विन्टल स्याउ फलेको छ। 'डोल्पामा स्याउ खपत हुने ठूलो बजार छैन, ठूला सहरमा लैजान गाह्रो छ। कच्ची बाटो र ठाउँ-ठाउँमा पुल नहुँदा दर्जनभन्दा धेरै ठाउँमा गाडी परिवर्तन गर्नुपर्छ, यसरी लैजाँदा स्याउको मूल्यभन्दा ढुवानी रकम धेरै हुन्छ,' उनले भने।

डोल्पाका स्याउ बर्गैंचामा तीन वर्षयता नेपालगन्ज, सुर्खेत, जाजरकोट, रुकुमलगायत जिल्लाबाट स्याउ किन्न व्यापारी घरमै पुग्ने गरेका छन्। मुख्य व्यापारी नभई बिचौलिया व्यापारी भने बजार अभाव, सडकको

» पृष्ठ २ मा क्रमशः



जुम्लाको तातोपानी गाउँपालिका- २ डाँगीवाडाका रामबहादुर रावलको स्याउ बर्गैंचा लटरम्म बनेको छ। स्याउको भाउ नपाउने चिन्ताले उनले व्यापारी, ठेकेदारलाई बोटमै प्रतिकेजी ६० रुपैयाँका दरले ४८ क्विन्टल बेचेका छन्। जुम्लाको स्याउ सुर्खेत, नेपालगन्जलगायत सहरमा प्रतिकेजी दुईदेखि तीन सयसम्ममा बेचिन्छ। 'स्याउका दुई सय ५० बोट छन्। बेच्नलाई आफैं सहर लग्न सकिँदैन,' रावलले भने, 'ठूला व्यापारी बर्गैंचामा आउँदैनन्। सानाले राम्रो भाउ दिँदैनन्।' सदरमुकाम खलंगामा यही स्याउ ८० रुपैयाँ किलोसम्म उपभोक्ताले खान पाउँछन्। उनका अनुसार असोजमा स्याउले राम्रो भाउ पाउँदैन। 'त्यतिखेर नेपालगन्जलगायत बजारमा भारतको सिमलाको स्याउ नै छ्यापछ्याप्ती हुन्छ,' उनले भने, 'दुई-तीन दिन लगाएर जुम्लाबाट नेपालगन्ज स्याउ पुऱ्याउन ढुवानी खर्च नै बढी हुन्छ। त्यतिखेर भाउ राम्रो हुँदैन।'

०६४ मा १४औं जिल्ला परिषद्बाट अर्गानिक जिल्ला घोषणा भएको जुम्लाको स्याउको माग बजारमा छ। तर, बजारीकरणको समस्याले सबै स्याउ बिक्दैन। जसकारण किसानले सस्तोमै भए पनि ठेकेदारलाई स्याउ दिन्छन्। पछिल्लो समय व्यापारी र किसानको मिलेमतोमा काँचो स्याउ लिने र पछि माग हुँदा पनि नेपालमा स्याउ नपाइने तथा आयातमै निर्भर हुनुपर्ने स्थिति छ। बजार सुनिश्चित नहुँदा, मूल्य निर्धारण नहुँदा तथा व्यवस्थित संकलन केन्द्र नहुँदा किसान काँचो स्याउ बेच्न बाध्य छन्। जुम्लामा एक सय ५० टनसम्म स्याउ उत्पादन हुन्छ।

हिरासतमै बलात्कार गरेको भन्दै डिएसपीविरुद्ध उजुरी

राजविराजमा **सौरभ यादव**

सप्तरीको कञ्चनपुरस्थित इलाका प्रहरी कार्यालयका प्रमुख डिएसपी दीपक राईमाथि बलात्कारको आरोप लागेको छ। प्रहरी थुनामा परेका वेला गत ६ चैतमा डिएसपी राईले आफूलाई बलात्कार गरेको भन्दै एक महिलाले बुधबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा लिखित उजुरी दिएकी छिन्। कर्तव्य ज्यान मुद्दामा पक्राउ परेका वेला हिरासतमै प्रहरी अधिकृतबाट आफूमाथि बलात्कार भएको र यातना दिइएको उजुरीमा उल्लेख छ।

उजुरीमा ती महिलाले गत ६ चैतको राति आफूमाथि दुईपटक बलात्कार भएको उल्लेख गरेकी छिन्। उजुरीमा उल्लेख गरिएअनुसार नाम थाहा नभएका एक प्रहरीले सोधपुछका लागि हाकिमले बोलाएको भन्दै इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख डिएसपी राईकहाँ पुर्‍याएका थिए। त्यसपछि मादक पदार्थ सेवन गरेर बसेका डिएसपीले कुटपिट गरी मुख थुनी बोल्न कराउन नदिई जबर्जस्ती करणी गरेका थिए।

सोही राति पुनः हिरासत कक्षबाट कार्यकक्षमा लगेर दोस्रोपटक बलात्कार गरेपश्चात् डिएसपी राईले कसैलाई भने २० वर्षसम्म जेलमा सडाइदिने धाक-धम्की दिएको उजुरीमा उल्लेख छ। बलात्कारको घटनाबारे कसैलाई नभने अभियोगबाट छुटाइदिने र जागिरमा समेत लगाइदिने प्रलोभन दिई आफूलाई अनुचित प्रभावमा पारेको पीडित महिलाले बताएकी छिन्।

ती महिलासँगै एउटै आरोपमा हिरासतमा रहेका अन्य महिलाले आफूहरू र ती महिलालाई प्रहरीले अलग व्यवहार गर्ने गरेको बताएका छन्। उनीहरूका अनुसार अन्यलाई थुनवा कक्षमा राखिने गरे पनि ती महिलालाई दिनभर प्रहरी कार्यालयको बरन्डामा खुला रूपमा बस्न दिने गरिएको थियो। रात परेपछि मात्र उनलाई हिरासत कक्षमा ल्याउने गरिएको थियो।

घटनाको केही दिनपछि १२ वैशाखमा अकस्मात् पेट दुखेपछि ती महिलालाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो। पीडित महिलाका अनुसार मौका छोपी उनले अस्पतालका स्वास्थ्यकर्मीलाई प्रहरी अधिकृतबाट ६ चैतको राति आफू बलात्कारमा परेको तथा कसैलाई भने २० वर्ष जेलमा थुनाएर सडाइदिने धम्की दिएको जानकारी गराएकी थिइन्। अस्पतालका एक कर्मचारीका अनुसार लगत्तै घटनाबारे अस्पतालले प्रहरीलाई जानकारी गराएको थियो। 'उपचारका लागि ल्याइएकी ती महिलाले आफूमाथि जबर्जस्ती करणी भएको सुनाएपछि हामीले तुरुन्तै प्रहरीलाई जानकारी गराएका थियौं, तर प्रहरीले अनुसन्धान नै गरेन,' अस्पतालका एक कर्मचारीले भने।

डिएसपी राईले भने आफूमाथि निराधार आरोप लगाइएको बताए। 'एउटा कुनै घटनाको अनुसन्धान गर्दा यस्तो आरोप लगाइन्छ भने भोलि अरू घटनाका अनुसन्धान प्रहरीले कसरी गर्न सक्ला ? ममाथि निराधार आरोप लगाइएको छ,' उनले भने।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी नरेन्द्रकुमार कार्कीले महिलाको उजुरीबारे अनुसन्धान भइरहेको प्रतिक्रिया दिए। 'यस विषयमा अनुसन्धान थालेका छौं। इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट सिसिटिभी फुटेज पनि मगाएका छौं,' उनले भने, प्रहरीलाई फसाउने साजिस पनि हुन सक्छ, त्यसैले सबै कोणबाट अनुसन्धान गरिरहेका छौं।'

मोटरसाइकल हरायो

मिति २०८०/५/४ गते राती १२:०० बजेदेखि ६:०० बजे सम्मको समयमा का.म.पा.-३०, मैतिदेवी मन्दिर पछाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको नेभिब्लु रंगको Yamaha FZS 149CC मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : एम.ए.डब्लु इन्भेष्टमेन्ट प्रा.लि. (ऋणी : सगुन भट्टराई)
मो.सा.न.: बा. प्र. ०२-०४० प ५७४२
चेसिस न. : ME1RG4454N0089430
इन्जिन न. : G3J3E0575756
सम्पर्क न. : 9845539970

भुल सुधार

मिति २०८०/५/८ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित दरखास्त आव्हान सम्बन्धि सूचना (सूचना नं. ०१/०८०/८१) मा **जिल्ला अस्पताल ताप्लेजुङ** प्रकाशित हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल ताप्लेजुङ

सूचना

यस पियोर इनर्जी लि.को बाँके जिल्लाको खजुरा गाउँपालिका वडा नं. ०८ स्थित ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना (१० मे.वा. ब्लक नं. १) नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न विद्युत खरिद विक्रि सम्झौता बमोजिम गुणस्तर तथा उत्पादन परिक्षणको लागि स्वतन्त्र इन्जिनियरको आवश्यकता भएकोले इच्छुक ब्यक्तिले यो कम्पनीको ठेगानामा सम्पर्क गर्नका लागि अनुरोध छ ।

शर्तहरू
१. सम्बन्धित कार्यमा दक्ष भएको हुनुपर्ने ।
२. पारिश्रमिक आपसी सहमतिबाट ।

श्री पियोर इनर्जी लिमिटेड
का.म.पा.-१३, रेडक्रस मार्ग, सोल्टीमोड, काठमाडौं, नेपाल
फोन नं. ०१-४६७१२००
इमेल : info.hydro@golyangroup.com

सामाजिक...

पृष्ठ १ बाट क्रमशः

धरानमा धार्मिक तथा साम्प्रदायिक सद्भाव खलबलिने अवस्था आएपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ। सुनसरीकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले शुक्रबार राति १२ बजेदेखि शनिबार राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गरेकी हुन्। यो अवधिमा धरानमा अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्न पाइनेछैन। हिन्दू समर्थकले शनिबार र्‍याली आयोजना गरेको र पहिचानवादीले प्रतिकार गर्ने चेतावनी दिएका वेला धरानका २० वटै वडामा निषेधाज्ञा जारी गरिएको हो। प्रमुख जिल्ला अधिकारी पाण्डेले धरानमा सामाजिक सद्भाव भड्कन नदिन निषेधाज्ञा जारी गरिएको बताइन्। उनले जातीय र धार्मिक आन्दोलन गरी सामाजिक सद्भाव भड्काउने जो-कोहीलाई पक्राउ गरी कारबाही गरिने बताइन्। प्रशासनले धार्मिक साम्प्रदायिकका साथै जनस्वास्थ्य संकट तथा शान्ति सुरक्षाको संवेदनशीलतालाई समेत मध्यनजर गर्दै निषेधाज्ञा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ।

भारतमा...

पृष्ठ १ बाट क्रमशः

सन् २०२१ को नोभेम्बरमा हङकङ हुँदै भारतको नयाँदिल्लीस्थित इन्दिरा गान्धी विमानस्थलमा फरक-फरक एयर कार्गोमार्फत आयात गरिएका विभिन्न मेसिनरी सामानभित्र ठूलो मात्रामा सुन भेटिएको थियो। ती सामानभित्र सुनको लेप लगाइएको हुन्थ्यो। यसरी तस्करी भएको साढे ८५ केजी सुन बरामद भएको थियो। यसमा दुई दक्षिण कोरियन, एक चिनियाँ र एक भियतनामकी नागरिकसहित भारतीयहरू समातिएका थिए। अप्रेसन 'मोल्टेन मेटल'अन्तर्गत सो गिरोहलाई पक्राउ गरिएको थियो। त्यो समूहले नयाँदिल्लीका विभिन्न ठाउँमा घर भाडामा लिएर तस्करी गरिरहेको थियो। हाल नेपालमा पक्राउ परेको चिनियाँ गिरोहको पनि शैली उस्तै देखिएको छ।

त्यस्तै, सन् २०२२ को मेमा 'अप्रेसन गोल्डेन ट्र्याप'मार्फत साढे ६१ केजी सुन बरामद भएको थियो। त्यो पनि एयर कार्गोमार्फत धाराका विभिन्न सामानभित्र लुकाएर तस्करी हुँदै थियो। ती सामान चीनको गोन्जाओबाट लगिएको थियो।

हाल नेपालमा पक्राउ परेकामध्ये केही सो सुन तस्करीमा पनि समातिएका थिए। हाल पक्राउ परेकामध्ये चिनियाँ मूलका दुईजनासँग भारतको रासनकार्ड समेत बरामद भएको छ। उनीहरू लामो समयदेखि भारतमा समेत बसेको प्रमाण भेटिएको छ। पक्राउ परेका चिनियाँहरू काठमाडौंमा भारतीय प्रेमिकासँगै बस्दै आएका थिए। प्रेमिकाहरूलाई पनि सिआइबीले नियन्त्रणमा लिएको छ। तर, सुन तस्करीमा उनीहरूको संलग्नता पुष्टि भइसकेको छैन। जसकारण संगठित अपराधमा म्याद थप भएको छ। प्रेमिकाका लागि मात्र चिनियाँले धुम्बाराही र मण्डिखाटारमा दुई घर भाडामा लिएका थिए।

सुन तस्करीमा संलग्न चिनियाँहरू प्रेमिका लिएर नियमितजसो क्यासिनोसमेत जाने गरेको अनुसन्धानमा खुलेको छ। भारतमा बस्दादेखि नै उनीहरू ती प्रेमिकासँग निकट भएको आशंका गरिएको छ। प्रहरीले हङकङ र चीनसँग पनि सुन तस्करीसँग सम्बन्धित विवरण अन्तर्राष्ट्रिय प्रहरी संगठनमार्फत मगाएको छ। सिआइबीले पछिल्लो करिब ६० केजी सुन तस्करी प्रकरणमा २४ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। उनीहरूले काठमाडौंमा दर्जन गोदाम भाडामा लिएर लुकाउने र टोखाको कारखानामा सुन गालेर उनीहरूले बाँडफाँट गर्दै आएका थिए। त्यसमध्ये धेरै सुन भारत नै पुग्ने गरेको सूचना प्रहरीसँग छ।

यो घटनाको अनुसन्धान सुरु भएको शनिबार डेढ महिना पुगेको छ। अबको करिब दुई साताभित्र अनुसन्धान टुंग्याउनुपर्ने बाध्यता सिआइबीलाई छ। संगठित अपराधमा सिआइबीले ६० दिनसम्म मात्र पक्राउ परेका आरोपीलाई थुनामा राख्न पाउँछ। पक्राउ परेका पाँच चिनियाँसँग नेपाली नागरिकता र पासपोर्टसमेत बरामद भएको छ। त्यस विषयमा पनि छुट्टै अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता डिआइजी कडायत बताउँछन्।

सिजनमा...

पृष्ठ १ बाट क्रमशः

असुविधा र ढुवानी समस्याको मौका छोपेर राम्रोसँग नपाकेको स्याउ सस्तोमा किनेर नेपालगन्ज, धनगढी, बुटवलदेखि काठमाडौंसम्म पुर्‍याउँछन्। उनीहरू स्याउ नपाक्दै बगैंचा पुग्छन् र सस्तोमा मोलमोलाइ गर्छन्। र, ठूलो मात्रामा स्याउ किनेर ढुवानी गर्छन्। तर, स्थानीय किसान भने यसरी ढुवानी गर्न सक्दैनन्। त्यही भएर किसानले प्रतिकिलो ३०-३५ रुपैयाँमा बेचेको स्याउ तराईका बजारमा दुई सयदेखि साढे दुई सयसम्म बिक्री भइरहेको छ।

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नम्बर ३ स्थित सुँ, जिँउ र वडा नम्बर ४ को रंगमा स्याउ बगैंचा प्रशस्त छन्। त्यसबाहेक ठूलीभेरी नगरपालिका- ७ को जुफाल, ८ र ९ का डाँगीवाडा, ४, ५ र ११ का लोचा, थाला, तिप्ला र रहमा पनि स्याउ फलेको छ। स्याउ राम्रोसँग नपाक्दै डोल्पाली कृषकले ५० प्रतिशत स्याउ बिक्री गरिसकेको कृषि विकास कार्यालय डोल्पाले जनाएको छ। त्रिपुरासुन्दरी नगरपालिका-४ का वडाध्यक्ष रञ्जित बुढाले नगरपालिकाले मूल्य निर्धारणमा चासो नदिँदा कृषक मारमा परेको र बिचौलिया व्यापारीले फाइदा कमाएको बताए। डोल्पामा चार सय १२ हेक्टरमा स्याउ खेती हुन्छ। यहाँ स्याउको वार्षिक उत्पादन तीन हजार दुई सय ९६ टन हुने गरेको जिल्ला कृषि विकास कार्यालय डोल्पाका प्रमुख शरद लामाले बताए। डोल्पामा रेड, गोल्डेन स्याउ उत्पादन हुने गर्छ।

सत्ता राजनीतिमा...

पृष्ठ १ बाट क्रमशः

निम्ति हामीले लडेको हो। समाजवादीले हीनताबोध गर्नुपर्दैन,' नेपालको तर्क छ।

खनालले भने पार्टीको विद्यमान स्थिति केन्द्रमा निकै ठूलो र तल सुकेको विश्लेषण गरेका छन्। 'जतिवेला विद्रोह भएको थियो, त्यसवेला पार्टीपंक्तिमा निकै ठूलो उत्साह र उमंग थियो, तर आज त्यो छैन। विद्रोह गर्दा हामीसँग जुन शक्ति थियो आज त्यो पनि छैन,' खनालले भनेका छन्, 'हाम्रो पार्टी र विद्रोह गरिएको पार्टी (एमाले)बीच सैद्धान्तिक र नीतिगत सवालमा भिन्नता के छ देखाउन सकिएको छैन।'

पार्टीभित्रका कमीकमजोरी हटाउँदै अगाडि बढ्नुपर्नेमा खनालको जोड छ। 'क्रान्तिकारी वर्ग दृष्टिकोणका आधारमा विश्लेषण गर्नुपर्छ, तिनीहरूलाई निर्ममतापूर्वक हटाउनुपर्छ, वैचारिक तथा संगठनात्मक दुवै क्षेत्रबाट यस्ता कमजोरीलाई हटाएर पार्टीलाई एउटा सबल, सशक्त र धारिलो क्रान्तिकारी जगमा उभ्याउनुपर्छ,' खनालले भनेका छन्, 'प्रधान अन्तर्विरोध र प्रधान प्रतिद्वन्द्वीका विरुद्ध क्रान्तिकारी धारलाई सोझ्याउँदै अघि बढ्नुपर्छ। तब मात्र पार्टीपंक्तिमा नयाँ उत्साह, उमंग र जोसको सञ्चार हुनेछ।'

विद्रोहको अग्रमोर्चामा रहेकी सचिव रामकुमार झाँक्री र राजेन्द्र राईलगायत नेता असन्तुष्ट छन्। पूर्वमा पहिचानको आन्दोलनमा नेतृत्वले साथ नदिएको गुनासो राईको छ। विद्रोहको स्पिरिटमा पार्टी चल्न नसकेको झाँक्रीको ठम्याइ छ।

सचिव झाँक्रीले केन्द्रीय कमिटी बैठकमै जिम्मेवारी नदिएको गुनासो गरेकी थिइन्। 'केन्द्रीय सचिवलाई नै ठोस जिम्मेवार छैन। काम गर्ने वातावरण बनाइएको छैन। अनि कसरी राष्ट्रिय दल बन्छ ?,' झाँक्रीको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने। नेतृत्वले दक्षता र क्षमताअनुसार जिम्मेवारी दिन नसकेको झाँक्रीको दाबी छ। मन्त्रीबाट हट्दा पनि झाँक्रीको तीव्र असन्तुष्टि थियो। राजीनामा दिँदा भावुक बनेर रोएकी थिइन्।

ती सदस्यका अनुसार सम्मानित नेता खनालले सचिवले जिम्मेवारी नपाउने अवस्थामा पार्टी कसरी चल्छ भन्ने प्रश्न बैठकमा उठाएका थिए। उनले बृहत् छलफल गरेर सबैले अपनत्व गर्ने गरी पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन्। सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा अध्यक्ष नेपालले 'जिम्मेवारी दिँदा भेदभाव नगरेको' बताएका थिए। उनले पार्टीको सर्कुलर हेर्न आग्रह गरेका थिए।

नेता-कार्यकर्ताको पलायन यो पार्टीको सबैभन्दा ठूलो समस्या बनेको छ। दुई वर्षको बीचमा एकीकृत समाजवादीमा नेता-कार्यकर्ताको व्यापक पलायन भएको छ। कतिपय नेता-कार्यकर्ता एमालेमै फर्किएका छन्। तेस्रो वरीयताका नेता मुकुन्द न्यौपाने, उपाध्यक्ष केदार न्यौपाने, सचिव भागवत विश्वासी एमालेमा फर्किएका छन्। पूर्वराज्यमन्त्री हिरा केसी पनि एमालेमा फर्किएका छन्। प्रेम महर्जन र तारा लामा पनि एमालेमा फर्किएका छन्।

मिठाराम केसी, डिल्ली उप्रेती, अशोक यादव, उषा गुरुङ, बालकृष्ण चापागाईं, चूडामणि जंगली, तर्कबहादुर शाही, धनबहादुर रायमाझी, यदुवंश झा, विक्रम शाही, गणेश खनाल, देवीलाल थापा, सरोज यादव, शारदा स्वर्णकार, विना बुढाथोकी, चन्द्रलाल बुढा, कुलवीर चौधरी, अशोक चन्द, सुवास कर्माचार्य, कुर्मराज शाही, रिता रावललगायत नेता एमालेमा फर्किएका छन्।

जिल्ला अध्यक्षहरू रामेछापका रमेश बस्नेत, मकवानपुरका श्रीधर पोखरेल र सूर्यचन्द्र न्यौपाने, रुकुम पश्चिमका हरिप्रसाद शर्मा, दाङका शूरमणि बेलबासे, तनहुँका श्रीराम कार्की, गुल्मीका नरेश भण्डारी, रसुवाका विष्णु देवकोटा, बाराका सुन्दर विश्वकर्मा, डोल्पाका नन्दसिंह बुढा, अछामका हिरण्ड भट्टराई, बाजुराका गगन रावल, जुम्लाका आदिप्रसाद न्यौपाने, सुर्खेतका मोहन बडुवाल एमालेका फर्किएका छन्।

यसलाई सैद्धान्तीकरण गर्दै पार्टीभित्र आलस्यता, निराशा, निष्क्रियता, पलायनताजस्ता समस्या देखिएको राजनीतिक प्रतिवेदन भएको नेताहरूको अभिव्यक्ति छ। 'पार्टीमै रहेका कतिपय व्यक्तिहरूबाट पार्टीको बदख्वाइँ गर्नु अनुशासनहीन र अराजक कार्य हो,' अध्यक्ष नेपालको विश्लेषण छ, 'त्यस्तो कार्य गर्ने केही व्यक्ति पार्टीबाट पलायन भएर गइसकेका छन्। यदि, कसैबाट अझै पनि त्यस प्रकारको दुष्कर्म भइरहेको छ भने तुरुन्त रोकिनुपर्दछ।' त्यस्ता गलत कार्यलाई विगतमा नियन्त्रण नगरिएको भए पनि अब छुट दिन नसकिने नेपालले चेतावनी छ।

सम्मानित नेता खनालको बुझाइमा एमालेमा भन्दा वैचारिक-सैद्धान्तिक भिन्नता नदेखेर पार्टीबाट पलायनको अवस्था आएको छ। 'हाम्रो पार्टीमा पनि जबजकै धङधडी छ र एमालेमा पनि जबजकै धङधडी छ,' खनालको भनाइ छ, 'त्यसले गर्दा पनि ठूलो संख्यामा विद्रोह गरेर अघि आएका नेता-कार्यकर्ता वैचारिक-सैद्धान्तिक भिन्नता नदेखेर एमालेमा फर्किने क्रम देखिन्छ।'

तर, नेपालको नजरमा एकीकृत समाजवादी र एमालेका सात भिन्नता छन्। नेपालले आफ्नो दस्ताबेजमा दुई वर्षअघि विद्रोह गरेको एमालेसँग मुख्यतः सात भिन्नता रहेको औंल्याइएको छ। अध्यक्ष नेपालले राजनीतिक प्रतिवेदनमा एमालेसँगको भिन्नताबारे भनेका छन्, 'हामी ०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिमार्फत सामन्ती राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भएपछि नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको मान्दछौं भने एमाले यो मान्दैन।'

नेपालले अरू भिन्नता खुलाएका छन्, 'हामी वर्तमान नेपाली समाज आधारभूत रूपमा पुँजीवादी चरित्रको छ भन्छौं भने एमाले यो मान्दैन, हामी अब हुने नेपाली क्रान्तिलाई समाजवादी क्रान्ति भन्छौं भने एमाले यो मान्दैन, हामी मार्क्सवाद-लेनिनवादलाई मात्र मार्गदर्शक सिद्धान्त मान्छौं भने एमाले जनताको बहुदलीय जनवादलाई समेत मार्गदर्शक सिद्धान्त मान्दछ।'

यसबाहेक नेपालले थपेका छन्, 'हामी समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्ने भन्छौं भने एमाले यो मान्दैन, हामी समाजवादी कार्यदिशा अँगाल्ने भन्छौं भने एमाले यो मान्दैन, हामी प्रतिगामी पुनरुत्थानवादी तत्त्वका विरुद्ध प्रहार केन्द्रित गर्ने भन्छौं भने एमाले त्यस्ता तत्त्वसँग सहकार्य गर्न चाहन्छ।'

नेपालको बुझाइमा पार्टीका सिद्धान्त, विचार र दृष्टिकोणको दृढतापूर्वक पक्षपोषण गर्ने आँटको कमी, जिम्मेवारी लिने, तर वहन नगर्ने प्रवृत्ति, आत्मविश्वासको कमी, पार्टी सानो छ भन्ने लघुताभास, प्रत्यक्ष रूपमा कुनै लाभ प्राप्त नभएको असन्तुष्टि, विरोधीले फैलाएका भ्रम र सामाजिक सञ्जालमार्फत भएका कुप्रचारको प्रभावले पार्टीभित्र समस्या पैदा गरेको छ।

यद्यपि, यसबीचमा केही पार्टी, समूह र व्यक्ति एकीकृत समाजवादीमा समाहित भएका छन्। नेकपा एकीकृत, संयुक्त समाजवादी मोर्चा, राष्ट्रिय जागरण परिषद्, नेकपा (जनवादी) लगायत पार्टी एकीकृत समाजवादीमा समाहित भएका छन्। घनश्याम भुसाल, रामचन्द्र झा, साध्यबहादुर भण्डारी, आलोक रायमाझी, भविश्वर पराजुलीलगायत नेता एकीकृत समाजवादीमा भित्रिएका छन्।

तर, पार्टी यतिसम्म अव्यवस्थित छ कि संगठनको अवस्था पनि चुस्तदुरुस्त छैन। एकीकृत समाजवादीले देशव्यापी संगठन विस्तार गरेको छ। तर, यकिन सदस्यको विवरण पार्टीसँग छैन। संगठित सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गरी १० मंसिरसम्म प्रमाणीकरणका लागि केन्द्रीय संगठन विभागमा पठाउन पार्टीले निर्देशन गरेको छ। त्यसपछि मात्रै पार्टीका संगठित सदस्यको यकिन विवरण आउने नेताहरू बताउँछन्। हाल एकीकृत समाजवादीले पार्टी कमिटी र जनसंगठनमा अबद्धलाई नै पार्टी सदस्यका रूपमा लिँदै आएको छ।

शक्तिको क्षयीकरण

संघीय संसद्मा उसको शक्तिमा व्यापक क्षयीकरण भएको छ। पार्टी गठन गर्दा एकीकृत समाजवादी संसद्को चौथो दल थियो। प्रतिनिधिसभामा १३ प्रत्यक्ष निर्वाचित र १० समानुपातिक सांसद थिए। राष्ट्रिय सभामा एक स्वतन्त्र हैसियतसहित ९ सांसद थिए।

राष्ट्रिय सभामा अहिले पनि एकीकृत समाजवादीको हैसियत घटेको छैन। तर, प्रतिनिधिसभामा राष्ट्रिय दल बन्न नसक्दा प्रत्यक्ष निर्वाचित १० सांसद मात्रै छन्। राष्ट्रिय दल बन्न तीन प्रतिशत मत चाहिन्थ्यो, तर एकीकृत समाजवादीले गत मंसिरको निर्वाचनमा करिब १८ हजार कम मत ल्याएको थियो।

त्यसैगरी प्रदेशमा पनि एकीकृत समाजवादीको शक्ति निकै घटेको छ। हाल कोसीमा चार, मधेसमा सात, बागमतीमा सात, लुम्बिनीमा एक, गण्डकीमा एक, कर्णालीमा एक र सुदूरपश्चिममा चार सांसद छन्। जब कि पार्टी गठन हुँदा प्रदेश सभामा एकीकृत समाजवादीका ५४ सांसद थिए। सुदूरपश्चिममा त प्रदेश सभाकै ठूलो र मधेस प्रदेशमा एमालेभन्दा समाजवादी ठूलो दल थियो। गण्डकी प्रदेश सभामा मात्रै एकीकृत समाजवादीका सांसद थिएनन्। समाजवादीका प्रदेश १ मा १०, मधेसमा १३, बागमतीमा १३, लुम्बिनीमा एक, कर्णालीमा तीन र सुदूरपश्चिममा १४ सांसद थिए।

प्रदेश १ र बागमतीमा मुख्यमन्त्रीसहित ६ प्रदेश सरकारमा एकीकृत समाजवादीको प्रतिनिधित्व थियो। प्रदेश १ मा राजेन्द्र राई र बागमतीमा राजेन्द्र पाण्डे मुख्यमन्त्री थिए। गण्डकीमा प्रदेश सांसद नभएकाले मात्रै समाजवादी सरकारमा थिएन।

लुम्बिनीकी एकीकृत समाजवादीकी एक्ली सांसद पाल्पाकी रमा घर्ती कानुन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थिइन्। यसबीचमा एमालेले भने चारवटै मुख्यमन्त्री गुमाएको थियो। हाल एकीकृत समाजवादीबाट बागमतीमा दुई, सुदूरपश्चिम, मधेस र कोसीमा एक-एक मन्त्री छन्। एमाले केन्द्र र प्रदेश सरकारमा सत्ताबाहिर छ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद् विघटन गरेपछि उत्पन्न टकराव बढ्दै गएपछि नेपाल र झलनाथ खनालसहितका नेताहरूले एमालेबाट विद्रोह गरेका थिए। नेपाल र खनालको विद्रोहकै बलमा एमाले संघ र प्रदेश सत्ताबाट बाहिर धकेलिएको थियो, एकीकृत समाजवादी सत्तामा रहेको थियो।

ओली नेतृत्वको सरकार विस्थापन गरेर बनेको शेरबहादुर देउवा नेतृत्वको संघीय सरकारमा एकीकृत समाजवादीका पाँच मन्त्री र एक राज्यमन्त्री थिए। कानुनमन्त्री गोविन्द बन्दी एकीकृत समाजवादीका अध्यक्ष नेपालको प्रस्तावमा मन्त्री बने। बन्दीसहित समाजवादीबाट पर्यटनमन्त्री जीवनराम श्रेष्ठ, श्रममन्त्री शेरबहादुर कुँवर, सहरी विकासमन्त्री मेटमणि चौधरी, स्वास्थ्यमन्त्री भवानीप्रसाद खापुङ र स्वास्थ्य राज्यमन्त्री हिराचन्द्र केसी थिए।

यसअघि, पर्यटनमन्त्री प्रेम आले, श्रममन्त्री किसन श्रेष्ठ, सहरी विकासमन्त्री रामकुमार झाँक्री, स्वास्थ्यमन्त्री विरोध खतिवडा र स्वास्थ्य राज्यमन्त्री भवानी खापुङ थिए। हाल, संघीय सरकारमा कृषिमन्त्री डा. बेदुराम भुसाल, भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला र भौतिक पूर्वाधार राज्यमन्त्री नन्दा चपाईं छन्।

प्रदेशतर्फ सुदूरपश्चिममा नरेश शाही, बागमतीमा लक्ष्मण लम्साल र राजेन्द्रमान श्रेष्ठ, मधेसमा गोविन्द न्यौपाने र कोसीमा कमल जबेगू मन्त्री छन्। अरू प्रदेश सरकारमा पनि सहभागिताबारे छलफल चलिरहेको अध्यक्ष नेपालले बताएका छन्। गत वर्षको स्थानीय निर्वाचनमा एकीकृत समाजवादीबाट महानगरपालिका प्रमुख एक, उपमहानगरपालिका प्रमुख एक, नगरपालिका प्रमुख १०, गाउँपालिका अध्यक्ष आठ, नगरपालिका उपप्रमुख ११, गाउँपालिका उपाध्यक्ष १२, वडाध्यक्ष एक सय ९०, महिला सदस्य एक सय ८४, दलित महिला सदस्य एक सय ८० र खुला सदस्य तीन सय ८९ गरी जम्मा नौ सय ८६ जना स्थानीय जनप्रतिनिधि छन्।

महानगरपालिका प्रमुख एक, उपमहानगरपालिका प्रमुख एक, नगरपालिका प्रमुख पाँच, गाउँपालिका अध्यक्ष पाँच, नगरपालिका उपप्रमुख ६, गाउँपालिका उपाध्यक्ष ११ गठबन्धनबाट निर्वाचित भएका थिए भने बाँकी एक्लै प्रतिस्पर्धा गरेर निर्वाचित भएका थिए। वडाध्यक्ष र सदस्यहरू प्रायः एक्लै निर्वाचन लडेर जितेका थिए। जिल्ला समन्वय समितिमा प्रमुख पाँच, उपप्रमुखमा आठ र सदस्यमा २८ जना छन्।

शक्ति आर्जनको प्रयास र भविष्य

एक्लै निर्वाचन लड्न सक्ने हैसियत बनाइनसकेकाले एकीकृत समाजवादीको भविष्य के होला ? पार्टीभित्र र बाहिर प्रश्न छ। भविष्य सुनिश्चत गर्ने प्रयासमा लागेको एकीकृत समाजवादीले विभिन्न रणनीतिअन्तर्गत काम गरेको छ।

समाजवादी मोर्चादेखि वामपन्थी शक्तिहरूसँगको एकतालाई उसले महत्त्व दिएको छ। पार्टीलाई वैकल्पिक शक्तिका रूपमा विकास गर्ने नेताहरूको योजना छ। आगामी माघमा हुने महाधिवेशनबाट स्पष्ट नीति तथा कार्यक्रमका साथ संगठन विस्तारमा लाग्ने प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए।

'मूलतः हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ। केही कमजोरी पक्कै भएका छन्। ती सबै विषयमा गहन छलफल गरेर ठोस नीति तथा कार्यक्रम र योजनाका साथ अगाडि बढ्छौं। एकीकृत समाजवादीलाई वैकल्पिक शक्तिका रूपमा स्थापित हुन अब कसैले रोक्न सक्दैन,' उनले भने।

शक्ति आर्जनको प्रयासस्वरूप ऊ वाम समाजवादी शक्तिलाई एकत्रित गर्ने भन्दै समाजवादी मोर्चामा आबद्ध भएको छ। समाजवादी ध्येय भएका राजनीतिक दलहरूका बीच सहमति र सहकार्यको आधार मोर्चाले तयार पार्ने दाबी नेताहरूको छ।

'वामपन्थी तथा समाजवादी शक्तिहरूबीचको सहकार्यले संविधानको रक्षा र विकास गर्दै पुनरुत्थानवादी तथा दक्षिणपन्थी शक्तिहरूका विरुद्ध एउटा शक्तिका रूपमा काम गर्छ। भविष्यमा समाजवादी कार्यक्रम निर्माण गर्न र मुलुकलाई त्यसतर्फ अगाडि बढाउन मोर्चाले योगदान गर्नेछ,' समाजवादीको निष्कर्ष छ। पार्टीलाई बलियो बनाउन मोर्चाले सहयोग पुर्‍याउने विश्वास एकीकृत समाजवादीको छ।

क्रान्तिकारी तथा प्रगतिशील शक्तिहरूको ध्रुवीकरणमा एकीकृत समाजवादीले नेतृत्व गर्न सक्ने दाबी अध्यक्ष नेपालले गरेका छन्। यसका साथै तत्कालीन कार्यनीतिअन्तर्गत सत्तारूढ गठबन्धनमा एकीकृत समाजवादी छ। सत्तारूढ गठबन्धन दीर्घकालीन नभएकोमा एकीकृत समाजवादी स्पष्ट छ।

केन्द्रीय समिति बैठकमा जवाफ दिने क्रममा अध्यक्ष नेपालले सम्मानित नेता खनालले प्रस्तुत गरेका धारणा पार्टीले आत्मसात् गरेको, पार्टीलाई राजनीतिक तथा वैचारिक रूपले समृद्ध गर्न वैचारिक तथा राजनीतिक बहस अनिवार्य हुने तथा बहस र संवादहरूले नै पार्टीलाई जीवन्त बनाउने धारणा राख्दै पार्टीले सबै खाले विचारको स्वागत गर्ने बताएको महासचिव घनश्याम भुसालले बताएका छन्।

कमी-कमजोरीलाई हटाउँदै निराशालाई चिर्ने, आशा र उत्साह जगाउने, प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र पार्टीलाई असल क्रान्तिकारी कम्युनिस्ट पार्टीका रूपमा अगाडि बढाउने ठोस योजना र दृढ अठोट लिएर अगाडि बढ्ने प्रतिबद्धता एकीकृत समाजवादीको छ।

कतिपय नेताको चरित्र र व्यवहारले पनि राष्ट्रिय दल बन्न सकिएन



● **केशवलाल श्रेष्ठ**, उपाध्यक्ष, एकीकृत समाजवादी

मुलुक र नेपालको कम्युनिस्ट आन्दोलनको जुन अवस्था छ। यस्तो अवस्थामा कम्युनिस्ट पार्टीलाई एकताबद्ध गर्नुको विकल्प छैन। कम्युनिस्ट, देशभक्त शक्तिहरू एक ठाउँमा उभिनुपर्छ। राष्ट्रिय दल बन्न नसक्नुको पछाडि हामीले जनताको मन जित्न सकेनौं भन्ने नै हो। त्यसमा आन्तरिक र बाह्य कारण छन्। आन्तरिक कारण भनेको हामी सुदृढ हुन सकेनौं। हाम्रो संगठन कमजोर भयो। हामी निरन्तर जनतामा जान सकेनौं। पार्टी संगठनलाई जनताको बीचमा स्थापित गर्न सकेनौं। हाम्रा कतिपय नेताहरूको चरित्र र व्यवहारको कारणले पनि काम गरेको छ। सबै ठाउँमा हाम्रो उम्मेदवार उठाएको भए पनि राष्ट्रिय दल बन्न सक्थ्यौं होला। बाह्य कारण कम्युनिस्टविरोधीहरूले अनेक षड्यन्त्र गरे। हामीले त्यसको चिरफार गर्न सकेनौं। अब नयाँ शिराबाट अगाडि बढ्नुपर्छ। जीवन्त पार्टीमा बहस, छलफल हुन्छ। विचार-विमर्शबाट नै कम्युनिस्ट पार्टी सशक्त बन्छ। महाधिवेशनको मिति पनि घोषणा भएको छ। महाधिवेशनबाट विचार, सिद्धान्त र कार्यक्रम स्पष्ट पार्दै पार्टीलाई गतिशील बनाउनुपर्छ।

अब सांगठनिक रूपमा पार्टीलाई सशक्त बनाएर अगाडि बढ्छौं



● **नागेन्द्र चौधरी**, सचिव, एकीकृत समाजवादी

संविधानको उल्लंघन, संसद् विघटनलगायत प्रतिगामी कदमविरुद्ध विद्रोह गरेका हौं। एमालेमा जुन रोग देखेका थियौं, त्यो आज पनि यथावत् नै छ। विधि, प्रक्रिया र सिद्धान्त, नीति, कार्यक्रमका आधारमा मुलुक चलाउन विद्रोह गरेका हौं। सर्वोच्च अदालतले ओलीको कदमलाई असंवैधानिक भन्दै संसद् पुनर्स्थापना गरिदिएपछि यो विद्रोहको पुष्टि त्यतिवेलै भइसकेको हो। विद्रोह गर्नु भनेको पार्टी पुनर्गठन गर्नु हो। केपी ओलीको दक्षिणपन्थी अवसरवादसँग नतमस्तक भएर बस्नु, निष्क्रिय बस्नु वा विद्रोह गरेर पार्टी पुनर्गठन गर्नुबाहेक अर्को विकल्प थिएन। हामीले विद्रोह गरेर पार्टी पुनर्गठन गरेका हौं। कम्युनिस्ट आन्दोलनलाई पुनर्व्यवस्थित गरेर अगाडि बढेका छौं। हामी मात्रै होइनौं, अन्य कतिपय दल पनि राष्ट्रिय हुन सकेनन्। समानुपातिकमा प्राविधिक कारणले थोरै मत नपुगेर राष्ट्रिय दल बन्न सकेनौं। प्रत्यक्षतर्फ १९ उम्मेदवारमध्ये १० मा जित्यौं। राष्ट्रिय पार्टी नहुँदैमा औचित्य पुष्टि भएन भन्नु सही मूल्यांकन होइन। विद्रोहकै कारण संसद्ले पाँचवर्षे पूरा कार्यकाल पूरा गरी तीनवटै तहको निर्वाचन सम्पन्न भएको, प्रतिगामी कदम चाल्ने एमाले सत्ताच्युत भएको, संविधान र व्यवस्था जोगिएको तथ्य भुल्नुहुँदैन। विद्रोहको औचित्य पुष्टि भइसकेको छ। अब सांगठनिक रूपमा पार्टीलाई सशक्त बनाएर अगाडि बढ्छौं। पार्टीमा ठूलो विवाद छैन।

ब्रजेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.

सुविधानगर, काठमाण्डौ

शेयरधनी सदस्यहरुमा वार्षिक साधारणसभा सम्बन्धी सूचना ।।।

(प्रकाशित मिति २०८०।०५।०९)

संचालक समितिको मिति: २०८०/०५/०१ मा बसेको बैठकको निर्णयानुसार यस संस्थाको पन्ध्रौं(१५औं) वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

मिति : २०८०/०६/१२
समय : दिनको २.०० बजेदेखी ५.०० बजे सम्म।
स्थान : म्याकडोनल्स फुड क्याफे रेष्टुरेन्ट एण्ड ब्याङ्क्वेट, मध्ये बानेश्वर, काठमाण्डौ। (रत्न राज्य स्कूल नजिक)।

नोट:- यस सम्वन्धि विस्तृत जानकारी संस्थाको सूचना पाटीमा टास गरिएको छ।

संचालक समितिको आज्ञाले
(व्यवस्थापक)

NOC हरायो

मिति २०८०/४/१ गते डिल्लीबजार देखि पुतलीसडकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NOC (No Objection Certificate) सर्टिफिकेट हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

Name : Mr. Dilip Shahi
NOC No. : 7862344
Address : Dang
Contact : 9822958309

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी
सडक डिभिजन हर्कपुर, ओखलढुंगा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/०९


यस कार्यालयबाट तपसिलका सडक निर्माण तथा मर्मत कार्यको लागि मिति २०८०/०३/२९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 01-RDHKR/2080/81 बमोजिम e-GP system (http://www.bolpatra.gov.np.egp) बाट रीतपूर्वक प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये निम्नलिखित बोलपत्रदाताका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	स्वीकृत बोलपत्रदाताको नाम	कबोल अंक रु.(भ्याट र PS समेत)
RDHKR/337310113/2080/81-01	Premix Carpetting Works (Periodic) on Siddhicharan Rajmarga	M/S Sindhuli Builders Pvt. Ltd., Sindhuli	39,399,321.39
RDHKR/33701138/2080/81-05	Pavement and Structural works for Rehabilitation of Roads on Siddhicharan Rajmarg (Mudhe -Phalphu Road Section), Solukhumbhu	M/S Sindhuli Builders Pvt. Ltd., Sindhuli	46,075,138.67

डिभिजन प्रमुख

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार ९ भदौ ०८०
nayapatrikaofficial @naya_patrika

केन्द्रमा देउवाको छहारी भूगोलमा उत्तराधिकारीको जुहारी



सभापति देउवालाई दुवैजनालाई समदूरीमा राखेर व्यवस्थापन गर्दै लैजानुपर्ने अवस्था छ। केन्द्रीय राजनीतिमा एउटालाई व्यवस्थापन गर्दा अर्कोलाई छुटाउन नमिल्ने सकसमा वेलावेला पर्छन् देउवा।

प्रदेश र गृहजिल्लाको राजनीतिमा पटक-पटक दाउपेचका अभ्यास गरे पनि औपचारिक रूपमा भने साउद र लेखक सौहार्द सम्बन्ध देखाउँछन्

रमेश लेखकबारे साउद भन्छन्– हाम्रो सम्बन्धमा कुनै समस्या छैन। रमेशजी र मेरो सम्बन्ध एकदम राम्रो छ।

एनपी साउदबारे लेखक भन्छन्– हामी केटाकेटीदेखिका साथी हौं। सँगै पढेको, सँगै राजनीति गरेको। उहाँसँग राम्रो सम्बन्ध छ।



केशवप्रसाद पाण्डे
keshabg100@gmail.com

सम्बन्ध

एनपी साउद (नारायणप्रकाश साउद) र रमेश लेखक, कांग्रेस र राष्ट्रिय राजनीतिमा आफ्नै पहिचान भएको नाम। उस्तै राजनीतिक उचाइ, सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने दुवै कांग्रेस सभापति शेरबहादुर देउवाका विश्वासपात्र। सम्बन्धले बालसखा। यी दुईको सम्बन्ध आजको होइन, बहुदल प्राप्तिको आन्दोलनबाट सुरु हुन्छ। सुन्दर सुदूरपश्चिमको कञ्चनपुरलाई राजनीतिक थलो बनाएका साउद र लेखक राजनीतिक योगदान र क्षमतामा आफूलाई सिद्ध गर्ने नेताहरूमा पर्छन्। सुदूरबाट राष्ट्रिय राजनीतिमा आइपुगेका यी दुईलाई आफ्नै क्षेत्रको राजनीतिमा भने आफूलाई साबित गर्न एकअर्कालाई 'बाइपास' गर्ने गरेको आरोप लाग्ने गरेको छ। तर, राजनीति न हो, केन्द्रमा आफूलाई उभ्याउने प्रयास स्वाभाविक नै मान्नुपर्छ। यही प्रतिस्पर्धाबाट आफूलाई प्रमाणित गर्ने बाटोमा छन् दुई नेता। प्रदेश र गृहजिल्लाको राजनीतिमा पटक-पटक दाउपेचका अभ्यास गरे पनि औपचारिक रूपमा भने साउद र लेखक सौहार्द सम्बन्ध देखाउँछन्।

हाल परराष्ट्रमन्त्री बनेर सरकारको मोर्चा सम्हालिरहेका छन् साउद। कांग्रेसको प्रमुख सचेतकको रूपमा संसद्को मोर्चा सम्हालिरहेका छन् लेखक। जिल्ला र प्रदेश राजनीतिमा भने एक-अर्काका प्रतिस्पर्धी हुन् उनीहरू। उनीहरू प्रतिस्पर्धी हुनुलाई अस्वाभाविक मान्दैनन्। तर, सार्वजनिक रूपमा एक-अर्काविरुद्ध तिक्तता पोख्ने र आरोप-प्रत्यारोपमा उत्रनेमा भने पर्दैनन् यी दुई। महेन्द्रनगरमा ६ कक्षादेखि सँगै पढ्दै, बढ्दै र राजनीतिमा सँगसँगै पाइला चालेका साथीहरू हुन् उनीहरू। उनीहरू कक्षा छ र सात सँगै पढे। ०३२ साल आसपासबाट यो सम्बन्ध सुरु हुन्छ। आठ कक्षामा गएर छुट्टेको सम्बन्ध, सिद्धनाथ विज्ञान क्याम्पसमा आइएस्सीमा गएर फेरि जोडियो। स्कुल र क्याम्पसको जीवनबाटै उनीहरूमा राजनीतिक चेत अंकुरायो। दुवैले प्रतिबन्धित अवस्थामा घरबाटै विद्रोह गरे र पञ्चायती व्यवस्था बदल्न मसाल समाए।

> दुवै नेता सभापति देउवालाई विभिन्न आरोह-अवरोहमा कहिल्यै साथ नछाड्ने सारथिमा पर्छन्। कांग्रेस विभाजित भएर बनेको कांग्रेस प्रजातान्त्रिकमा पनि दुवैले देउवालाई साथ दिएका थिए। साथ दिने क्रम अझै जारी छ। देउवाको छहारी बन्नमै उनीहरूले आफ्नो राजनीतिक भविष्य पनि देखेका छन्।

आठ कक्षापछि साउदको पढाइमा ब्रेक लाग्यो। आइएस्सीमा भर्ना हुँदा लेखक एक वर्षले क्याम्पसमा सिनियर भए। 'क्याम्पसमा आइपुग्दा उहाँको एक वर्ष ड्रप भो। नत्र हामी ७ कक्षासम्म सँगै पढ्थ्यौं। त्यसपछि उहाँ अर्को स्कुलमा जानुभयो, म अर्को स्कुलमा गएँ। उहाँ बिरामी भएर या के कारणले एक वर्ष पछि हुनुभयो। म एक वर्ष सिनियर भएँ,' लेखक त्यो समय सम्झन्छन्। लेखकले आइएस्सी पूरा गरे। साउदले पछि आइएस्सी छाडेर आइए गरे। पढाइसँगसँगै राजनीतिमा निरन्तर लागिरहे। सम्बन्धबारे लेखकको टिप्पणी छ, 'हाम्रो पुरानै (०३२ सालदेखि) र पारिवारिक सम्बन्ध हो। हामी केटाकेटीदेखिका साथी हौं। सँगै पढेको, बढेको, सँगै राजनीति गरेको। उहाँसँग राम्रो सम्बन्ध छ। राजनीतिमा कतिपय विषयमा कुरा मिल्छ, कतिपयमा मिल्दैन। राजनीतिमा सबैसँग सबैको सबै कुरा मिल्दैन, यो स्वाभाविक हो। उहाँसँग खराब सम्बन्ध हुनुपर्ने कारण नै छैन,' लेखक शान्त भावमा भन्छन्। दुईजनाको सम्बन्धबारे साउदको छोटो टिप्पणी छ, 'हाम्रो सम्बन्धमा कुनै समस्या छैन। रमेशजी र मेरो सम्बन्ध एकदम राम्रो छ।'

एनपी ०३६ मा नेविसंघको राजनीतिमा जोडिएका थिए। स्कुलमा नेविसंघको सचिव थिए उनी। ०३७ मा लेखक स्ववियु सभापति लडे तर हारे। अर्को वर्ष एनपी त्यही कलेजमा भर्ना हुन आए। अर्को कार्यकालमा स्ववियुको सचिवमा निर्वाचित भए एनपी, स्ववियु सभापति थिए जगदीश चन्द। यही सेरोफेरोबाट राजनीतिक सम्बन्ध थप मजबुत हुँदै गयो। सिद्धनाथबाटै लेखकले साइन्स पूरा गरे। स्नातकका लागि लेखक भारत गए। एनपीले साइन्स छाडेर आइए पढे। एनपी नेविसंघको राजनीतिमा जिल्ला कमिटीको सदस्य हुँदै ०४१ मा बलबहादुर केसीको नेतृत्वको नेविसंघमा केन्द्रीय सदस्य, ०४३ मा उपसभापति हुँदै ०४८ मा सभापति बने। ०४८ मै कांग्रेसको युवा विभागको सदस्यसमेत बने। ०५३ बाट पार्टी राजनीतिमा होमिए। पढाइ सकेर लेखक नेपाल फर्किए र कांग्रेसको राजनीतिमा दुवैजना सँगै जोडिए। त्यो सम्बन्ध अहिलेसम्म निरन्तर छ। तर, भूगोलको राजनीतिमा भने दुईजनाको सम्बन्ध प्रतिस्पर्धामा परिणत हुने गरेको छ।

सुदूरपश्चिममा देउवाको उत्तराधिकारी को ?

सुदूरपश्चिममा देउवाको उत्तराधिकारी को ? भन्ने प्रश्न वेलावेला उठ्ने गर्छ। अब देउवा तेस्रोपटक सभापति बन्ने दौडमा हुनेछैनन्। देउवा आफैंले अबको सभापतिको दौडमा नरहेको घोषणा गरिसकेका छन्। विधानले पनि दुई कार्यकालभन्दा सभापति बन्न दिँदैन। सबै परिस्थितिले देउवाले रिटायर्डको मुडसहित 'सेफ ल्यान्डिङ'को बाटो लिइरहेको देखिन्छ। तर, सभापति देउवाकै गृह प्रदेश सुदूरपश्चिममा भने दुई नेता गुटमा विभाजित छन्। बैतडीमा जन्मिएका लेखक र डडेल्धुरामा जन्मिएका साउदले कञ्चनपुरलाई राजनीतिक थलो बनाएका छन्। पार्टी र राष्ट्रिय राजनीतिमा योगदान र आफूलाई सिद्ध गरेका नेताहरू आफूलाई सभापति देउवाको उत्तराधिकारीको रूपमा तयार गर्ने प्रयासमा छन्। दुवै नेताहरू देउवालाई विभिन्न आरोह-अवरोहमा कहिल्यै साथ नछाड्ने सारथिमा पर्छन्। कांग्रेस विभाजित भएर बनेको कांग्रेस प्रजातान्त्रिकमा पनि दुवैले देउवालाई साथ दिएका थिए। साथ दिने क्रम अझै जारी छ। उनीहरू अझै देउवाको छहारीमा छन्। देउवालाई पनि समदूरीमा राखेर उनीहरूलाई व्यवस्थापन गरेर लैजानुपर्ने अवस्था छ। केन्द्रीय राजनीतिमा एउटालाई व्यवस्थापन गर्दा अर्कोलाई छुटाउन नमिल्ने सकसमा वेलावेला पर्छन् देउवा।

देउवा नजिककै बीच प्रतिस्पर्धाको अवस्था रोक्न अब उनलाई सहज छैन। अब जिल्ला र क्षेत्रमा भूगोलको राजनीति यी दुईका लागि जुँगाको लडाइँ बनेको छ। सुदूरपश्चिममा राजनीतिक ग्राउन्ड बनाउने कोसिसका कारण दुई नेताको तलसम्मै दुई गुट छन्। यसको
भल्को १४औं
महाधिवेशनमा प्रदेश, जिल्ला र वडा तहसम्मै देखियो। दुईले एक-अर्काविरुद्ध मोर्चा कसे र आफ्नो पक्षमा माहोल बनाउन लागि परे। निर्वाचनमा पनि त्यसको छाया देखियो। महाधिवेशनमा दुवैले महामन्त्रीमा दाबी गरेका थिए। तर, भूगोलका कारण पनि सभापति र महामन्त्री सुदूरपश्चिमले पाउने अवस्था रहेन। यसपटक देउवाले दुवैलाई केन्द्रीय सदस्यमा बसेर सघाउन आग्रह गर्नुपऱ्यो। सुदूरपश्चिमबाट केन्द्रमा प्रभाव पार्ने दुवैको दाबी अस्वाभाविक भने मान्दैनन् नेताहरू। साउद ०५९ मा देउवाको नेतृत्वमा कांग्रेस विभाजित भएर बनेको कांग्रेस (प्रजातान्त्रिक) मा पनि केन्द्रीय सदस्य बनेका थिए। प्रजातान्त्रिकको महाधिवेशनबाट र ०६४ मा कांग्रेस र कांग्रेस प्रजातान्त्रिकबीच एकता हुँदा उनी केन्द्रीय सदस्यकै रूपमा रहे। त्यसयता उनी लगातार केन्द्रीय सदस्य छन्।

लेखक ०४८ र ०५६ मा कांग्रेस कञ्चनपुरका जिल्ला सचिव बने। ०७२ र ०७८ मा लगातार कांग्रेसको केन्द्रीय सदस्यका रूपमा छन्। देउवाले पनि उनीहरूलाई कम आँक्ने गरेका छैनन्। निर्वाचनपछि अरूलाई छाडेर देउवाले लेखकलाई प्रमुख सचेतक र साउदलाई परराष्ट्रमन्त्रीको जिम्मेवारी दिए। उत्तराधिकारीको रूपमा संकेत गरिरहेका छन्। तर, यी दुईको टकरावले देउवा समूहमा रहेका वडातहसम्मका नेता-कार्यकर्ता विभाजित बनेका छन्। महाधिवेशनमा महाधिवेशन प्रतिनिधिमा आफ्ना मान्छे ल्याउन दुवैले भरमग्दुर प्रयत्न गरे। एक-अर्कानिकटकालाई आफ्नोमा ल्याउन प्रयत्न गरे।

जिल्ला नेतृत्वमा आफ्नो प्रभुत्व कायम गर्न हरि बोहोरालाई महाधिवेशन प्रतिनिधिमा वडातहबाटै हराउन एनपीको खेमाले भूमिका खेल्यो। लेखकले जिल्ला नेतृत्वमा ल्याउन चाहेका बोहोरालाई रोक्न एनपी समूहले तल्लो तहबाटै तयारी गरेको थियो। तर, महाधिवेशन प्रतिनिधिमै पराजित भएपछि जिल्ला सभापतिको उम्मेदवार बन्ने बाटो बन्द भयो। नेताहरूका अनुसार बोहोराको बाटो बन्द गर्ने गरी एनपी समूहले खेलेको खेल लेखकलाई भारी पऱ्यो। लेखक समूहमा अध्यक्षका लागि योग्य उम्मेदवारको नै खाँचो परेको थियो। विकल्पमा रमेशले पनि एनपीको समूहमा खेले। अधिवेशनको अन्तिम समयमा एनपी समूहका पदम बोगटीलाई रातारात आफ्नो समूहमा ल्याएर अध्यक्षको उम्मेदवार बनाए। जानकारका अनुसार एनपी समूहले बहादुरसिंह थापालाई सभापतिको उम्मेदवार बनाउने भएपछि पहिला नै जिल्ला सचिव भइसकेका बोगटी पनि रुष्ट थिए। लामो समयसम्म एनपीनिकट बोगटी अधिल्लो कार्यकालमा सभापतिमा बोहोरासँगै पराजित बनेका थिए। यसरी जिल्ला नेतृत्वमा रोक्ने एनपीको दाउलाई टक्कर दिँदै रमेशले रोचक रूपमा जिल्ला नेतृत्व आफ्नो पकडमा लिए।

> कांग्रेस कञ्चनपुरका पूर्वसभापतिद्वय बहादुर थापा र हरि बोहोराले दुवै नेतासँग लामो सहयात्रा गरेका छन्। अहिले भूगोलमा दुई नेताहरूको राजनीति पनि उनीहरूले नजिकबाट देखेका छन्, भोगेका छन्। सँगसँगै थापा र बोहोरा साउद र लेखकको टकरावमा पिल्सिएर हार व्यहोरेका पात्र पनि हुन्।

एकसाथ संसद्मा इन्ट्री

दुई नेताको संसद् र सरकार यात्रामा केही समानता छन्। एकसाथ उनीहरूले संसद् छिर्ने सौभाग्य पाए। राज्यमन्त्री हुँदै मन्त्रीको जिम्मेवारी सम्हाले। साउद ०५१ सालमा कञ्चनपुरको तत्कालीन क्षेत्र नम्बर ३ बाट सांसद लडेर पराजित बने। ०५६ मा फेरि कञ्चरपुर १ बाट पहिलोपटक संसद् भवनको यात्रा तय भयो। ०५७ मा शिक्षा तथा खेलकुद राज्यमन्त्री बने। ०७० को निर्वाचनमा पनि कञ्चनपुर १ ले उनलाई संसद् छिर्ने अनुमति दियो। सांसद बनेपछि सुशील कोइराला नेतृत्वको सरकारमा ०७० मा सिँचाइमन्त्री बने। ०७९ को निर्वाचनमा कञ्चनपुरले फेरि दुवैलाई संसद्मा पठाएको छ।

संयोग लेखकको पनि ०५६ मै कञ्चनपुर ३ बाट संसद्यात्रा अघि बढ्यो। ०६४ मा समानुपातिकबाट संविधानसभा सदस्य बने, ०७० मा तत्कालीन कञ्चनपुर क्षेत्र नं. ४ बाट संविधानसभा सदस्य निर्वाचित भए। ०६३ मा श्रम राज्यमन्त्री हुँदै ०६४ मा श्रममन्त्रीको जिम्मेवारीमा रहे। ०७३ मा भौतिक पूर्वाधार तथा यातायातमन्त्री बनेका थिए। विशेष जिम्मेवारीका लागि उनी शान्ति प्रक्रियाका लागि गठित शान्ति वार्ता टोलीका सदस्य बने र संविधान मस्यौदा समितिका सदस्यका रूपमा रहेर पनि काम गरे। एमए, एलएलबी गरेका लेखकले प्राध्यापन, वकालत र पत्रकारितासमेत गरेका थिए। मानविकीमा स्नात्तक एनपी भने राजनीतिमै अभ्यस्त बने। राजनीतिक घटनाक्रमसँगै दुवैले जेलनेल पनि भोगे।

सम्बन्धबारे के भन्छन् साथीहरू ?

सुदूरपश्चिमको राजनीतिमा कांग्रेस प्रदेश सभापति वीरबहादुर बलायर दुवैका समकालीन हुन्। संयोगले बलायर पनि सिद्धनाथ विज्ञान क्याम्पसमा नै पढेका थिए। ०३६ बाट जोडिएका थिए, राजनीतिमा सँगसँगै। बलायरले राजनीतिक यात्रामा दुवैसँग लामो समय बिताएका छन्। बलायर साउद र लेखकबारे भन्छन्, 'सदनको भूमिका प्रभावकारी बनाउने सन्दर्भमा लेखकको काम 'फर्पेक्ट' लाग्छ। सरकारमा परराष्ट्रमन्त्रीको रूपमा एनपीको भूमिका पनि राम्रै देखेको छु।' दुईबीच जिल्ला र प्रदेशको राजनीतिमा धेरै ठूलो तित्तता आफूले महसुस नगरेको उनले सुनाए। एकै जिल्लाका भएकाले लिडरसिपमा प्रतिस्पर्धा हुनु उनी सामान्य मान्छन्।

बलायरका अनुसार यी दुईका कारण पार्टीको आन्तरिक मामलामा असमञ्जस्य नै छ भन्ने अवस्थाचाहिँ सुदूरपश्चिमले महसुस गरेको छैन। 'हामी पञ्चायतकालदेखि नै सँगसँगै आएका हौं। दुईजनाबीच ठूलै द्वेष भएकोचाहिँ मैले देखेको छैन। तर, टीकाटिप्पणी हुने गरेको छ। एकै जिल्लाका नेताहरू भएकाले पनि त्यस्तो भएको हुन सक्छ। यसलाई अस्वाभाविक रूपमा लिनु हुँदैन,' सहयात्रीबारे बलायर भन्छन्, 'एकजना सरकारमा र एकजना संसद्को महत्त्वपूर्ण भूमिकामा हुनुहुन्छ। दुवैजना सुदूरपश्चिमबाट र एकै जिल्लाका नेताहरू। यो उहाँहरूका लागि अवसर पनि हो र चुनौती पनि हो।'

यी दुईका अर्का साथी हुन् बहादुरसिंह थापा। कांग्रेस कञ्चनपुरका पूर्वजिल्ला सभापति तथा संविधानसभा सदस्य। एनपीसँग उनको नेविसंघको जिल्ला सचिव हुँदा ०३६ बाट सम्पर्क भयो। रमेशसँग भने ०४६ को आन्दोलनपछि भेट भयो। ०४६ को जनआन्दोलन थापासहित सातजनाले नेतृत्व गरेका थिए। जतिवेला सिनियर लिडरहरू जेल परिसकेका थिए। तर, उनीहरू जेल नजाने, आन्दोलनलाई निरन्तरता दिने भनेर लागिरहेका थिए।

आन्दोलनका क्रममा लेखक भारतमा पढ्दै थिए, उतैबाट आन्दोलनलाई सहयोग गरिरहेका थिए। ०४७ मा २ नम्बरको क्षेत्रीय सभापति सर्वसम्मत बने थापा। जिल्ला सभापति बन्दा रमेशलाई जिल्ला सचिवमा मनोनीत गरियो। त्यसवेलाबाट सम्बन्धले रूप लिन थाल्यो। बैतडीबाटै आएकाले रमेशसँग नजिक थिए उनी। राजनीतिक रूपले दुईको तुलनामा उमेर र राजनीतिक रूपमा आफू सिनियर नै थिएँ भन्ने लाग्छ उनलाई। समकालीनभन्दा यी दुईले राजनीतिक छलाङ हानेको उनलाई लाग्छ। 'उहाँहरूसँग मैले हाम्रो तर्फबाट राष्ट्रले दुईजना होनहार नेतृत्व पायो भनेको छु। यसको श्रेय कञ्चनपुरको संगठनलाई जान्छ। संगठन निर्माण र बलियो बनाउने काम मैले नै गरेको थिएँ,' थापा सुनाउँछन्।

थापाको नजरमा केन्द्रीय भूमिकामा रहे पनि रेस्पोन्स र सम्बन्ध कायम गर्ने कुरामा कसर बाँकी राखेका छैनन् दुवै नेताले। थापा तिनै व्यक्ति हुन्, जो यी दुईका स्वार्थको चेपुवामा परेर महाधिवेशनमा जिल्ला सभापतिमा पराजित बने। एनपीको गुटबाट उम्मेदवार बनेका उनी लेखक गुटसँग पराजय व्योहोरे। एनपीकै नजिकका पदम बोगटीलाई रमेशले आफ्नो समूहमा ल्याएर जिल्ला सभापति अन्तिम समयमा जिताए। एक समय थियो, ०५६ मा बहादुरसिंहले पाउने भन्ने फिक्स भएको टिकट रमेशले खोसेका थिए। 'नेतृत्वले मलाई दिने भन्ने थियो, तर केही त्यस्ता घटनाक्रम घटे, उहाँले पाउनुभयो। त्यसपछि उहाँले फर्केर हेर्नुपरेको छैन,' बहादुरसिंह भन्छन्। तर, रमेश र बहादुरसिंह संविधानसभामा संविधान बनाउने भूमिकामा एकसाथ जोडिए। बहादुरसिंह हाल प्रदेश सांसद् छन्।

कांग्रेस कञ्चनपुरका पूर्वसभापतिद्वय बहादुर थापा र हरि बोहोराले दुवै नेतासँग लामो सहयात्रा गरेका छन्। अहिले भूगोलमा दुई नेताहरूको राजनीति पनि उनीहरूले नजिकबाट देखेका छन्, भोगेका छन्। सँगसँगै थापा र बोहोरा साउद र लेखकको टकरावमा पिल्सिएर हार व्यहोरेका पात्र पनि हुन्।

'अहिले त उहाँहरूले हाइट बनाइसक्नुभयो। पार्टीमा दुवैजनाले भूमिका पाउनुभयो, माननीय बनिसक्नुभयो, मन्त्री बनिसक्नुभयो। आफू नेता बन्नका लागि लाग्ने त स्वाभाविक हो,' बोहोरा दुई नेताबारे भन्छन्, 'ग्राउन्डमा होच्याउने गरी केही काम भएको छैन। तर, आफू नेता बन्नका लागि आफ्नो फेवरमा मान्छे ल्याउन लागेका देखिन्छन्। स्वाभाविक हो राजनीतिमा। आ-आफ्नो क्षेत्र छ, दुवैजना माननीय हुनुहुन्छ। बाहिर आएजस्तो टसल छैन।'

बोहोरा बाल्यकालदेखि नै रमेशसँग नजिक थिए। अहिलेको भीमदत्त नगरपालिकामा छिमेकी। बोहोराका अनुसार रमेश साह्रै मिहिनेती आफ्नै बलबुताले अघि बढेका मान्छे हुन्। बौद्धिक मान्छे। सानासाना कुरामा पनि रेस्पोन्स गर्ने एकदम इजी, स्वाभिमानी दुःखकष्ट सहन सक्ने। रमेशले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुँदा शिक्षक र दरबन्दी छैन भनेर रमेश आफैंले कक्षा लिएको उनको मानसपटलमा अझै ताजा छ। पत्रकारिता गर्दा टाइपराइटरमा रातभर काम गर्ने र काम फत्ते गरेर मात्र घर फिर्ने रमेशका ती दिन उनको स्मृतिमा अझै ताजा छन्। आफ्नै बलबुताले जिन्दगी बनाउनुपर्छ भन्नेमा पर्थे उनी। बोहोराले ११औं महाधिवेशनताका नवलपरासीमा भएको एउटा घटना सुनाए, 'बैठकमा भाग लिन जाने क्रममा एउटा सिट मात्रै खाली थियो, तर सिट टुटेको। उहाँले मलाई आफ्नो राम्रो सिट छाडेर तपाईं बस्नुस् भन्नुभयो र आफूचाहिँ रातभर कष्ट सहेर जानुभयो। सानो कुरा हो, तर उहाँमा कष्ट सहने बानी छ!'

महिला विश्वकपका आठ यादगार क्षण





रमेश सुवेदी
Subedikanchho8@gmail.com

खेलकुद

विश्वभरका उत्कृष्ट ३२ टोली सहभागी फिफा महिला विश्वकप-२०२३ भावनात्मक, प्रतिस्पर्धात्मक र रोचक हुँदै गतहप्ता सम्पन्न भएको छ। २० जुलाईबाट २० अगस्टसम्म अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गरेको विश्वकपको नवौँ संस्करण स्पेनले जितेको छ। पहिलोपटक ३२ टोली सहभागी विश्वकपको तेस्रो सहभागितामै स्पेन च्याम्पियन भयो। यसअघिका चार च्याम्पियनहरू क्वार्टरफाइनलबाट माथि बढ्न सकेनन्। सात टोलीले विश्वकपमा डेब्यु गरे। इंग्ल्यान्ड र स्पेनले पहिलोपटक फाइनलमा स्थान बनाएका थिए। सन् २०२१ युरोपियन च्याम्पियनसिपको क्वार्टरफाइनलमा व्यहोरेको हारको बदला लिँदै स्पेन च्याम्पियन भयो।

यसपटक मैदानभित्र र बाहिर विश्वकपको निकै चर्चा भयो। समर्थकको बाक्लो उपस्थित थियो। प्रतियोगिता कीर्तिमानमय बन्यो। मैदानमा उपस्थित हुने दर्शक र टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेर्नेको संख्या सन् २०१९ को विश्वकपभन्दा दोब्बर बढी रहेको आयोजक फिफाको दाबी छ। करिब दुई मिलियनले रंगशालामा र १० मिलियनले टेलिभिजनबाट हेरेको फिफाले जनाएको हो।

केही महत्त्वपूर्ण क्षण, केही शक्तिशाली प्रदर्शन, केही रोचक, यादगार पल र भावनात्मक बन्दै सन् २०२७ मा भेट्ने वाचासहित यसपटकको विश्वकप सम्पन्न भएको छ। यस्ता छन्, महिला विश्वकप-२०२३ का आठ यादगार क्षणहरू :

स्पेनको ऐतिहासिक उपाधि

समूह चरणमा जापानसँग ४-० ले पराजित भएको स्पेन महिला विश्वकपको नयाँ च्याम्पियन बन्यो। युरोपेली प्रतिद्वन्द्वी इंग्ल्यान्डलाई १-० ले हराउँदै स्पेन पहिलोपटक च्याम्पियन भयो। जर्मनीपछि पुरुष र महिला दुवै विश्वकप जित्ने दोस्रो राष्ट्र बनेको छ स्पेन। ओल्गा कार्मोनाले २९औँ मिनेटमा गरेको गोल नै निर्णायक बन्यो। तर, कार्मोनाले फाइनलको अघिल्लो दिन नै आफ्नो पितालाई गुमाएकी थिइन्। यद्यपि उनलाई यो खबर मेडल र च्याम्पियन ट्रफी उचालेपछि मात्रै थाहा दिइएको थियो। यता, स्पेनिस टोली आन्तरिक द्वन्द्वबीच च्याम्पियन हुन सफल भयो। टोलीका १५ खेलाडीले प्रशिक्षक जर्ज भिल्डालाई बर्खास्त गर्न माग गरेका थिए। तर, स्पेनिस फुटबल महासंघले खेलाडीको उजुरीलाई खारेज गरेको थियो। खेलाडी र प्रशिक्षकको सम्बन्ध मैदानबाहिर जस्तो भए पनि मैदानभित्र भने सन्तुलित देखियो।

मेगानको पेनाल्टी मिस

अन्तिम विश्वकप खेलिरहेकी स्ट्राइकर मेगान रापिनोले पेनाल्टी चुकाउँदा चारपटकको च्याम्पियन अमेरिका अन्तिम १६ बाटै घर फर्किएको। उनले स्विडेनविरुद्धको पेनाल्टी मिस गरिन्। तर, स्तब्धपूर्ण अवस्थामा पनि खुसी भएको भन्दै ती अमेरिकी लिजेन्ड खेलाडीले निकै आलोचना खेप्नुपऱ्यो। तीनपटक विश्व च्याम्पियन मेगानले यसअघि नै आफ्नो अन्तिम विश्वकप भएको बताएकी थिइन्।

रिडोन्डोको चुम्बन

स्पेनिस खेलाडी अल्बा रिडोन्डोले आफ्नो पार्टनर क्रिस्टिना मोनलियोनसँग चुम्बन गरेको क्षण निकै चर्चामा रह्यो। समूह चरणमा जाम्बियाविरुद्ध ५-० को जितमा रिडोन्डोले हजारौँ दर्शकसामु पार्टनर क्रिस्टिनालाई ओठमा 'किस' गरेकी थिइन्। जुन फोटो अहिले विश्वभर चर्चामा छ। यसअघि अस्ट्रेलियाकी कप्तान साम केरले पनि मैदानमा अमेरिकी पार्टनर क्रिस्टी मेभिसलाई चुम्बन गरेको तस्बिर निकै चर्चामा रहेको। केर र मेभिस विगत दुई वर्षदेखि पार्टनरको रूपमा छन्।

इंग्लिस खेलाडीले देखाएको खेल भावना

इंग्ल्यान्डसँग क्वार्टरफाइनलमा पराजित भएपछि कोलम्बियाकी खेलाडी जोरेलिन कारावाली निकै भावुक बनेकी थिइन्। २-१ को हारपछि मैदानमा ढलेकी उनलाई इंग्ल्यान्डका खेलाडीले सान्त्वना दिएका थिए। जुन क्षणको सर्वत्र प्रशंसा भइरहेको छ। 'हामीलाई प्रतियोगिताबाट बाहिरिनुको पीडा थाहा छ। यो जीवनको खराबमध्येको एक क्षण हो,' इंग्ल्यान्डकी खेलाडी केइरा वाल्सले भनेकी छिन्।

कीर्तिमानी दर्शक र न्युजिल्यान्डको जित

आयोजक न्युजिल्यान्डले विश्वकपमा पहिलो जित हासिल गरेपछिको क्षण निकै भावनात्मक रह्यो। उद्घाटन खेलमा कीर्तिमानी दर्शकसामु न्युजिल्यान्डले नर्वेलाई १-० ले हराएको थियो। न्युजिल्यान्डकी स्ट्राइकर हन्ना विल्किन्सले निर्णायक गोल गरेकी थिइन्। विश्वकपमा छैटौँपटक सहभागी भएको न्युजिल्यान्डले जितविहीन यात्रा तोडेको छ। पछिल्ला १५ खेलमा न्युजिल्यान्डले १२ खेल हार्दा तीन खेल बराबरी भएको छ। यो खेल हेर्न कीर्तिमानी ४२ हजार एक सय ३७ दर्शक मैदानमा आएका थिए। न्युजिल्यान्ड फुटबलमा यो दर्शक संख्या अहिलेसम्मकै उच्च थियो। यद्यपि न्युजिल्यान्ड नर्वेसँग गोल अन्तरमा पछि पर्दा समूह चरणबाटै बाहिरियो।

> यसपटक मैदानभित्र र बाहिर विश्वकपको निकै चर्चा भयो। समर्थकको बाक्लो उपस्थिति थियो। प्रतियोगिता कीर्तिमानमय बन्यो। मैदानमा उपस्थित दर्शक र टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेर्नेको संख्या सन् २०१९ को विश्वकपभन्दा दोब्बर बढी रहेको आयोजक फिफाको दाबी छ।

पूर्वविजेताविहीन सेमिफाइनल

कीर्तिमानी विश्वकपमा सात्विक विजेता अमेरिकासहित जर्मनी, जापान र नर्वे क्वार्टरफाइनलबाट अघि बढ्न सकेनन्। लगातार तेस्रो विश्वकप जित्ने लक्ष्यका साथ अमेरिका नवौँ विश्वकपमा पुगेको थियो। तर, चारपटकको च्याम्पियन अन्तिम १६ बाटै बाहिरियो। समूहमा अमेरिकाले एक जित र दुई बराबर नतिजा निकालेको हो। एकपटकको च्याम्पियन नर्वे पनि प्रिक्वार्टर फाइनलबाटै बाहिरिँदा दुईपटकको च्याम्पियन जर्मनीले समूह चरण पार गर्न सकेन। जापान भने क्वार्टरफाइनलमा पराजित भयो।

म्याकेवको कर्नरबाट गोल

आयरल्यान्डकी केटी म्याकेवले कर्नरबाट गरेको गोल विश्वकपमध्येकै दर्शनीय थियो। इंग्लिस क्लब आर्सनलकी क्याकेवले बायाँ खुट्टाले प्रहार गरेको कर्नर क्यानडाकी केलेन सेरिदानले रोक्ने प्रयास गरे पनि असफल भइन्। २७ वर्षीय विंगर म्याकेव महिला फिफा विश्वकपमा कर्नरबाट गोल गर्ने पहिलो खेलाडी बनिन्। चौथो मिनेटमा म्याकेवले गोल गरे पनि क्यानडाले २-१ को पुनरागमन जित निकालेको थियो।

हिजाब र मोरक्कोको ऐतिहासिक यात्रा

मोरक्कोकी रक्षक नोउहाइला बेन्जिना हिजाब लगाएर फिफा महिला विश्वकप खेल्ने पहिलो खेलाडी बनिन्। यसअघि इस्लामिक खेलाडीले टाउको छोपेर विश्वकप खेलेका थिएनन्। फिफाले सन् २०१४ बाट हिजाब लगाएर खेल्न अनुमति दिएको थियो। त्यसैले समूह 'एच'मा दक्षिण कोरियाविरुद्ध बेन्जिनाले हिजाब लगाएर लेखेकी हुन्। यही खेलमा कोरियालाई १-० हराउँदा मोरक्कोले विश्वकपमा पहिलो जित पायो। विश्वकपमा सानदार प्रदर्शन गरेको मोरक्कोले पहिलो सहभागितामै प्रिक्वार्टरफाइनलको ऐतिहासिक यात्रा तय गरेको थियो। यद्यपि टोली फ्रान्ससँग ४-० ले पराजित हुँदा माथि बढ्न सकेन।


(एजेन्सीको सहयोगमा)

बडीमालिका : सुदूर पश्चिमको सुन्दर पदमार्ग



आर.बी. कटवाल
katwalrb99@gmail.com

पर्यटन



त्रिवेणी पाटनक्षेत्रभन्दा माथि करिब ४२०० मिटरमा रहेको पदमार्ग



विभिन्न प्रजातिका फूल, हरिया रुखबिरुवा, ठाउँ-ठाउँमा ऐतिहासिक महत्त्व बोकेका ढुंगा, हरिया फाँटसहितका पाटन, त्रिवेणीमा मिसिएका खोला, खोलामा बग्ने पानीको आवाज, पदयात्रामा हिँड्दा भेटिने एकाध र पुराना गोठ। यी सबैले बाजुराको बडीमालिकाका लागि यात्रा गर्ने जो-कोहीको मन लोभिन्छ। अपी र सैपाल हिमालको मनोरम दृश्य होस् या ठुल्ठूला फाँटका हरियाली पाटन नियाल्न कसलाई मन नहोला र ?

बडीमालिका मन्दिर सुदूरपश्चिमकै धार्मिक तथा पर्यटकीय दुवै दृष्टिले चर्चित गन्तव्य पनि हो। धार्मिक ग्रन्थ, स्वस्थानी व्रत कथाको आधारमा सतीदेवीको कुम पतन भई यस पर्वत (मलयागिरि पर्वत) मा देवी उत्पन्न भई बडीमालिका मन्दिर स्थापना भएको कथन छ। त्यसैले हिन्दू धर्मावलम्बीहरूले आफ्नो मनोकांक्षा पूर्ण होस् भन्ने उद्देश्यका साथ यस मन्दिरमा दर्शन गर्न आउने गरेका छन्। बडीमालिका त्रिवेणी नगरपालिकाको स्वामित्वमा छ। मन्दिर दर्शनसँगै पछिल्लो समय लोकप्रिय बन्दै गएको 'ट्रेक कल्चर'का लागि पनि यो गन्तव्य उपयुक्त बन्दै छ। बडीमालिका मन्दिरमा दर्शन गरेपछि आफ्नो मनोकांक्षा पूरा हुने जनविश्वास छ। मन्दिरपरिसरबाट आँखैअगाडि देखिने सैपाल हिमालको मनोरम दृश्यले यहाँको सौन्दर्यलाई झनै तिखारेको छ। हिउँदमा हिउँले छोपिने भएकाले बडीमालिका शृंखला अझ रोमाञ्चक देखिन्छन्।

> यात्राका क्रममा देखिने हिमालका दृश्य, खोलानदीमा बगेको पानीको आवाज, हरिया र मनमोहक वनक्षेत्रले यात्राको कठिनाइसमेत बिर्साउँछ। दोस्रो दिन त्रिवेणी पाटन बसेर तेस्रो दिन मन्दिरका लागि निस्किन सकिन्छ।

जति मनोरम र सुन्दर दृश्य छ, यात्राका क्रमका उत्तिकै कठिनाइ आउँछन्। साउनको तेस्रो हप्ता बडीमालिका दर्शन र पदयात्राका लागि सुनसरीबाट ६ जना निस्किर्यौं। बाजुरा सदरमुकाम मार्तदीसम्म यातायातको व्यवस्था छ। मार्तदीबाट सुरु हुन्छ बडीमालिकाको यात्रा। बाटोमा भोक लाग्दा खानका लागि सातु, बिस्कुटलगायत खाद्य सामग्री साथै लैजानुपर्छ। प्रायः पानी परिरहने भएकाले पाल, छाता वा रेनकोट अनिवार्य हुन्छ। तीन दिनदेखि पाँच दिनसम्मको यात्रापश्चात् बडीमालिका मन्दिर पुगिन्छ। करिब ४३ सय मिटरको उचाइमा रहेको मन्दिर पुग्न बीचमा बास बस्नुपर्ने हुन्छ। मार्तदी बजारबाट बिहानै हिँड्दा साँझसम्ममा सोता पाटन पुगिन्छ, जहाँ केही गोठ छन्। हिउँदको चार महिनाबाहेक अन्य समयमा बाजुराका विभिन्न ठाउँबाट भेडा, भैंसीलगायत चराउन माथि लगिन्छ। निश्चित शुल्क तिरेपछि खान र बस्न गोठमै पाइन्छ। कहींकतै धर्मशालासमेत निर्माण भएको छ। त्यहाँ सानो घर छ, बाँकी सबै व्यवस्था पदयात्रीले नै गर्नुपर्छ। यसरी बीचमा वास बस्दै नियमित यात्रा गर्दा तीन दिनमा पनि पुगिन्छ। पहिलो दिन वनक्षेत्र भए पनि दोस्रो दिनबाट पाटन भेटिन सुरु हुन्छ। र, यात्राको क्रममा देखिने हिमालका दृश्य, खोलानदीमा बगेको पानीको आवाज, हरिया र मनमोहक वनक्षेत्रले यात्राको कठिनाइसमेत बिर्साउँछ। दोस्रो दिन त्रिवेणी पाटन बसेर तेस्रो दिन मन्दिरका लागि निस्किन सकिन्छ।

बडीमालिका यात्राको सुन्दर र रमणीय दृश्य भने त्रिवेणी पाटनक्षेत्र हो। जहाँ वास बस्नसमेत अस्थायी होटल र केही गोठको व्यवस्था छ। यही क्षेत्रमा देखिन्छन्, हरिया र ठूला फाँटसहितका पाटन, चरिरहेका घोडा र भेडाहरू। करिब ३८०० मिटर उचाइमा रहेको यो क्षेत्रमा असार-साउनको समयमा हरियाली मनोरम दृश्य देख्न सकिन्छ। बिहान र बेलुकीको समयमा खुलेको मौसममा अपी र सैपाल हिमालसँगै सूर्योदय र सूर्यास्तको मनमोहक दृश्यको समेत अवलोकन गर्न पाइन्छ। बडीमालिका मन्दिर पुग्न यस पाटन क्षेत्रबाट करिब पाँच घण्टाको पदयात्रा गर्नुपर्छ। यही क्षेत्रमा विभिन्न प्रजातिका फूल नियाल्न र फूलका सुगन्धलाई महसुस गर्न सकिन्छ। किंवदन्तीअनुसारका राक्षसका हड्डीबाट बनेको आकर्षक र अनौठा लाग्ने ढुंगाहरू र नदीहरूले त्रिवेणी पाटनलाई थप सुन्दर बनाएको छ।

पैदलयात्रीको सारथि गोठ र धर्मशाला

बडीमालिका पदयात्रामा मार्तदीदेखि करिब दुई किलोमिटर माथि रहेको गाउँ नै अन्तिम गाउँ हो। त्यसपछि घर र गाउँ भेटिँदैनन्। तर, वनक्षेत्रमा रहको एक-दुई धर्मशाला राति वास बस्न उपयुक्त छन्। ट्रेकमा जाने पदयात्रीले टेन्स, म्याटलगायत सुत्न आवश्यक पर्ने सामग्री लगेमा भने जहाँ पनि बस्न सकिन्छ। धर्मशाला घर मात्र हो, सबै व्यवस्था आफ्नै हुनुपर्छ। सामग्री अभाव छ वा लगिएको छैन भने एक मात्र विकल्प गोठ पुग्नु नै हो। पहिलो दिन साँझ समयमा नै सोता पाटन र दोस्रो दिन त्रिवेणी पाटन पुग्न सके निश्चित रकम तिरेर खान र बस्न सकिन्छ।

बडीमालिका मन्दिर तथा फाँटसम्म जाने बाटो निकै अप्ठ्यारो छ। बाटोको सुविधा नभएका कारण जति पर्यटकको आगमन हुनुपर्ने हो, त्यति हुन सकेको छैन। सोतापाटन क्षेत्रसम्म मोटर बाटो पुगे पनि वर्षायाममा पहिरो र बाटो बिग्रिने समस्याले पदमार्ग नै उपयुक्त हुन्छ। टिम र समय हुँदा मोटरबाटोभन्दा पनि पदमार्गबाट नै उपयुक्त हुन सक्छ। बडीमालिकामा प्रत्येक वर्ष साउनमा पर्ने जनैपूर्णिमाका दिन ठूलो मेला लाग्छ। यस वर्ष भने मलमासका कारण भदौ ११ गते मेला लाग्दै छ। मार्तदीका स्थानीय मेलाको तयारीमा छन्। मेलाको समयमा अस्थायी होटेल, अस्थायी पसलको व्यवस्था हुन्छ। अन्य समयमा त्यहाँ पसल भेटिँदैनन्। पदमार्गको रूपमा भने विकास भइरहेको मार्तदी-बडीमालिकालाई अझ व्यवस्थापन गर्न सकिने पर्याप्त सम्भावना र अवसर भने छन्। यो रुटलाई उत्कृष्ट पदमार्गको रूपमा विकास गर्न सकिन्छ।

अँध्यारो बस्तीमा उज्यालोको खोजी




कुमारी लामा
klama54@gmail.com

समीक्षा

> दिला शाहको कथासंग्रहमा महिलाकेन्द्रित कथाको संख्या ज्यादा भए पनि सामाजिक सरोकारका अन्य विषय प्रशस्त समेटिएका छन्। समय सान्दर्भिक विषय, मानवीय सम्बन्ध र संवेदनामाथिको मन्थन तथा पितृसत्तात्मक दलनमा परेका महिलाको विषय उठान यस संग्रहका विशेषता हुन्।

प्रत्येक बस्ती अँध्यारोले आक्रान्त छ आजकल। किनकि छद्मभेदी दीपहरणकारीहरूको बिगबिगी छ। उनीहरू अनेक रूपमा आइपुग्छन् दैलो ढकढकाउन र सम्मोहनमा पारी चोरी लान्छन् मानिसभित्रका उज्यालाहरू। अँध्यारोको व्याप्तिसँगै बेस्सरी सप्रिएको छ, मूल्यमान्यगत अन्धता, जसले बढाएको छ भोकदेखि भोगसम्मका सिलसिला। क्रमशः एक उराठिलो र असमञ्जसपूर्ण समय उक्लिरहेछ मानिसको मस्तिष्कमा। आधुनिक परिधानमा सजिएका रुढिग्रस्त मुखुण्डोधारीहरूको निकृष्ट क्रियाकलापले खलबलाएको छ समयको मथिंगल। फगत एक अमिल्दो लयमा दौडिरहेछ समाज। विसंगतिमय समयमा अल्झिएको नेपाली समाजको यथार्थ चित्रणसहित कथाकार दिला शाह कथासंग्रह 'अँध्यारो बस्तीकी नायिका' लिएर आएकी छिन्।

शाहका कथाहरूले प्रशस्त मात्रामा पितृतन्त्रात्मक व्यवस्थाको चरम प्रताडनामा परेका महिला पात्रहरूका दारुण भोगाइ प्रस्तुत गरेका छन्। 'लोग्ने' कथाकी पात्र शिलाले भोगेको शारीरिक र मानसिक हिंसा आज धेरै युवतीहरूले व्यहोरिरहेकै यथार्थ हो। आफूमाथि बलात्कारजस्तो जघन्य अपराध गर्ने अपराधीलाई नै लोग्ने स्वीकार गरी बस्नुपर्ने बाध्यात्मक भुमरीमा परेकाहरू थुप्रै छन्। उनीहरू कसरी बाँच्न सक्दा हुन् सहज र सामान्य जीवन ! शिला हरपल मर्दै बाँचेकी छ। संस्कृति परिवर्तनशील छ भन्छन् जानकारहरू तथापि चेतनागत उज्यालोको अभाव टड्कारो छ, हाम्रो समाजमा। पितृसत्तात्मक मनोविज्ञान यति जब्बर छ कि, यथास्थितिबाट एक इन्च टसमस गर्न चाहँदैनन् मठाधीशहरू। त्यसले महिलालाई केवल शरीर देख्छ र दोहोऱ्याइरहन्छ त्यहीअनुरूपको वर्ताव। किनकि शरीर भोगका निम्ति मात्र लायक ठानिन्छ। त्यसैले सिकारी आँखाहरू च्याल काढ्दै खडा हुन्छन् चोक, बजार, गल्ली अनि चौबाटाहरूमा, जो क्वाप्लाक्कै निलिदिन आतुर रहन्छन् युवतीदेहलाई। ती कामुक आँखाबाट 'प्रतिकार' कथाकी पात्रजस्तो भाग्न सफल कति पो होलान् र ! शाहले समाजमा घटिरहेका महिला हिंसासम्बन्धी यस्ता अनेक घटनालाई आफ्नो कथाको विषय बनाएकी छिन्। साथमा सुनिश्चित र उज्ज्वल भविष्यको आशामा देश छाड्ने तमाम युवाहरूको बाध्यतालाई पनि उजागर गरेकी छिन्। बुद्यौलीले गाँजेका आमाबाहरूको सहारा बन्नुपर्ने छोराछोरीहरू विदेशी भूमिमा पलायन भइरहेका छन्। तीमध्ये कति फर्किन्छन् खुसी बोकी, त कति पार्सल बनी भित्रिन्छन् देशमा। युवा पलायनजस्तो



त्रिवेणी पाटन क्षेत्रको हरियो फाँट, गोठ र भेडा चर्दै



त्रिवेणी क्षेत्रमा रहेको नदीमा निर्माणाधीन धारा, कुण्ड र स्नानघर



पाटन क्षेत्रमा फुलेका विभिन्न रंग र प्रजातिका फूल



आकर्षक र अनौठा ढुंगा

‘जात व्यवस्था भत्काउन असम्भव छैन’

भारत सभ्यतागत (जात व्यवस्थागत) राजनीतिबाट केवल वर्गमा आधारित आन्दोलनको माध्यमबाट मात्र मुक्त हुन सक्छ। मेरो विचारमा यसले मात्र हिन्दुत्वजस्ता खतरनाक आन्दोलनको सशक्त वैचारिक प्रतिरोध गर्न सक्छ।



अन्तर्वार्ता

आनन्द तेलतुम्बडे, प्राध्यापक

आनन्द तेलतुम्बडे बिआर अम्बेडकरको जीवनी, कामका साथै जातका मुद्दामा व्यापक कामका लागि चिनिएका एक विद्वान् तथा नागरिक अधिकारकर्मी हुन्। उनी सन् २०२० मा ‘एल्गार परिषद्’मा संलग्नताको आरोपमा पक्राउ परेका थिए। ३१ महिना जेलमा बिताएपछि नोभेम्बर २०२२ मा जमानतमा रिहा भए। यिनै ७२ वर्षीय अधिकारकर्मीसँग स्निगधेन्दु भट्टाचार्यले कुराकानी गरेका थिए। आउटलुक इन्डियामा प्रकाशित उक्त कुराकानी **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन्।

तपाईंले जेलमा बस्दा जातप्रथाबारे केही नयाँ कुरा पाउनुभयो ?

जातीय मुद्दाबारे मैले जेलमा सिक्ने त्यस्तो कुनै नयाँ कुरा थिएन, जुन मलाई पहिले थाहा नभएको होस्। विगत चार दशकदेखिको अविराम एक नागरिक अधिकारकर्मीको हैसियतले मलाई जेलमा मुस्लिम, दलित र आदिवासीहरूको बाहुल्य रहेकोबारे थाहा नै थियो। (मुम्बईस्थित) तलोजा पनि फरक थिएन। भारतको राष्ट्रिय अपराध अभिलेखालय (एनसिआरबी)को पछिल्लो तथ्यांकअनुसार तलोजाको जनसंख्यामा उनीहरूको हिस्सा ३९ प्रतिशत छ, तर जेलमा उनीहरूको संख्या लगभग ५१ प्रतिशतमा छ। यसको दोष सम्पूर्ण रूपमा वर्तमान सत्तालाई मात्रै जादैन, जसले आफ्नो निर्वाचन क्षेत्रलाई मजबुत बनाउन उपरोक्त समुदायलाई तारो बनाएको छ। यो चरित्र पूर्ववर्ती सत्तादेखि नै जारी छ। फ्योदोर दोस्तोभ्स्कीको उक्तिअनुसार यो हाम्रो सभ्यतागत विशेषता नै हो, ‘कुनै पनि समाजको सभ्यताको स्तर उसको जेलमा पसेर आकलन गर्न सकिन्छ।’ अहिले फैलिरहेको साम्प्रदायिक विष यसै सभ्यतागत विशेषताको दुष्प्रभाव हो।

यसलाई जात, समुदाय (धर्म) वा वर्गको वर्णपट (दृष्टिकोण)बाट हेर्ने हो भने पनि चित्र लगभग यही देखिनेछ। यस तथ्यले एउटा महत्त्वपूर्ण सवाल खडा गर्छ– यीमध्ये कुन वर्गले सुन्दर भविष्यका निम्ति दीर्घकालीन आन्दोलन निर्माणको आधार उपलब्ध गराउन सक्छ ?

जेलले मानिसका राम्रा र नराम्रा दुवै नैसर्गिक झुकावहरूलाई बाहिर ल्याइदिन्छ। त्यहाँ एक कैदीसँगको पहिलो साक्षात्कार, म मराठा हुँ कि होइन भन्ने प्रश्नसँगको साक्षात्कार हुन पुग्यो। म अवाक् भएको थिएँ, तर हो म मराठा हुँ भनेर उम्किन उचित ठानें। मैले मेरो जातबारे थप सोधीखोजीको अपेक्षा गरेको थिएँ, तर सौभाग्यवश, त्यो क्रम त्यहीं रोकियो। यसले भारत पहिलेभन्दा आज बढी जातिवादी भएको छ भन्ने मेरो धारणालाई नै पुष्टि गर्छ।

जातको सन्दर्भमा मैले त्यहाँ सुनेको अर्को कुरा केहीचाहिँ अम्बेडकरवादी युवाहरूले जातीय विभेदविरुद्ध गरेको संघर्ष थियो। यो त्यहाँ पहिचानको दाबी (जसलाई म अस्वीकार गर्छु) का रूपमा प्रकट भयो। तर, प्रशासनले जुन क्रूरतासाथ त्यो संघर्षलाई कुल्चियो, त्यो ब्राह्मणवादी अहंकारको प्रतिबिम्ब थियो। संलग्न सबैलाई सुरक्षाकर्मीले निर्घात कुटपिट गरेका थिए। यसको नेतृत्वकर्ता सुरेश गायकवाडलाई कल्याण जेलमा यति निर्दयतापूर्वक पिटियो कि उनलाई स्ट्रेचरमा राखेर लैजानुपरेको थियो। उनले आफ्नो संघर्ष जारी राखे। उनलाई फेरि पिटियो र ठाणे जेलमा स्थानान्तरण गरियो। यो घटना त्यतिबेला भएको थियो, जतिबेला कारागार प्रमुख (महानिर्देशक) स्वयं दलित थिए। यसले अम्बेडकरको परिकल्पना ‘आरक्षण’ले पूरा गर्दैन भन्ने मेरो धारणालाई पुनः एकपटक प्रमाणित गऱ्यो।

के दलितहरूको आफ्नै पदानुक्रम (तल्लो र माथिल्लो भनिने कथित जात सोपान) छ ? छ भने यसले दलित राजनीतिलाई कसरी प्रभाव पार्छ ?

दलितहरू मूलतः वर्णाश्रम व्यवस्थाका अंग थिएनन्। तर, सवर्णहरूमाथिको चरम निर्भरता र श्रेणीकरणले उनीहरूको बहिष्कृत (विवर्ण) समाजलाई पनि उही जात सोपानजनित संरचनाको अनुकरणका निम्ति प्रेरित गऱ्यो। तसर्थ, जात व्यवस्था रहेका समाजका दलित इलाकामा यसको धमिलो तस्बिर भेटिन्छ। उनीहरूका आफ्नै ब्राह्मण, हजाम, सिकर्मी आदि थिए। वर्णक्रम जात व्यवस्थाको सार हो र यसले भारतीय उपमहाद्वीपका सबै समुदायलाई संक्रमित गरेको छ, चाहे उनीहरूले जुनसुकै धर्मको अनुसरण गरेका किन नहुन्।

> जातविरोधी संघर्षका हिसाबले मात्र होइन, उनीहरूकै वर्गसंघर्षका हिसाबले पनि जातलाई उपेक्षा गर्नु कम्युनिस्टहरूको सबैभन्दा ठूलो मूर्खता हो। जातको यथार्थलाई छाडेर वर्गको अवधारणा नै पूरा हुन सक्दैन। यदि उनीहरूले जात व्यवस्थाविरुद्ध लड्ने गरी आफ्नो वर्गसंघर्षको रणनीति बनाएको भए उनीहरू अहिलेको दुःखद स्थितिमा पुग्ने नै थिएनन्।

यदि तपाईं महाराष्ट्रलाई दलित राजनीतिको घरका रूपमा लिनुहुन्छ भने अम्बेडकरको समयमा गैरमहर दलितहरू (मांग, चंभार, ढोर) को श्रेणीकरणमा दलितका जातहरूको प्रभाव स्पष्ट रूपमा पाउनुहुनेछ। महरका उप-जातहरूअनुसार यसको विभाजन भएको छ। महारहरूबीच उपवर्ण चेत यति जबर्जस्त थियो कि बाबासाहेब अम्बेडकरले उनीहरूलाई सहभोजजस्ता उपायद्वारा एकताबद्ध गर्न विशेष प्रयास गर्नुपरेको थियो। भनिन्छ, उनले गैरकंग्रेस, गैरकम्युनिस्ट प्रतिपक्षी पार्टीको रूपमा परिकल्पना गरेको ‘रिपब्लिकन पार्टी अफ इन्डिया (आरपिआई)’ महरहरूको उपजातमाझ विभाजित भयो।

‘दलित प्यान्थर्स’का संस्थापकमध्येका एक जेभी पवारले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार यो महर उपजातले दलित प्यान्थर आन्दोलनको समयमा पनि टाउको उठाएको थियो, तर त्यसलाई दबाइयो। यस्तो महाराष्ट्रमा मात्र भएको होइन। ‘माला-मडिगा सिन्ड्रोम (तेलगुको सूचीकृत दलित जातको फुटपरस्त समस्या)’ प्रेरित दलित विखण्डन सबै ठाउँको वास्तविकता हो, जसलाई भाजपाजस्ता दलले आजको राजनीतिमा घिनलाग्दो रूपमा प्रयोग गर्छन्। यसले मेरो मान्यता (हाइपोथेसिस)लाई पनि प्रमाणित गर्छ : जातका सागग्री (अवधारणा, चेतना, मुहावरा) को प्रयोगले जातलाई बलियो मात्र बनाउँछ, कहिल्यै नाश हुन हुँदैन। यदि तपाईं यसलाई नष्ट गर्न चाहनुहुन्छ भने तपाईंले जात (व्यवस्था) भन्दा बाहिर जानुपर्छ र वैकल्पिक श्रेणीलाई अपनाउनुपर्छ।

दलित राजनीतिलाई हिन्दुत्वका दुई वैचारिक प्रतिपक्ष द्रविड वा वामपन्थी राजनीतिसँग जोड्ने सम्भावना कत्तिको छ ?

विषाक्त ध्रुवीकरणको यो युगमा अभिसरण (संयोजन)को कुरा गर्न धेरै ढिलो भइसकेको छ। तर, सकारात्मक कुरा के छ भने म अझै पनि यस्तो अभिसरण(संयोजन)को सम्भावना देख्छु, द्राभिडियन राजनीतिसँग भन्दा पनि वर्गीय राजनीतिसँग मेरो बढी अपेक्षा छ। मेरा लागि जात भनेको विषालु पहिचान हो, जसको नियति अमिबाजस्तै विभाजित हुनु हो। यो अभिसरणको आधार हुन सक्दैन। एक मात्र आशा वर्गीय आधारसँग छ। मेरा आलोचक मलाई मार्क्सवादी भन्छन्। यद्यपि मलाई उनीहरूको लेबलको पर्वाह छैन, तर म उनीहरूको अज्ञानतालाई हटाउन चाहन्छु कि वर्गको अर्थ मार्क्सवाद नै हो भन्ने होइन। विद्यमान शक्तिबारेको तपाईंको बुझाइका आधारमा तपाईंसँग अझै पनि आफ्नो राजनीतिको रेखा कोर्ने स्वतन्त्रताका धेरै कोण छन्। समस्या के भने यो देशमा वर्गीय राजनीतिको पर्याप्त प्रयास कहिल्यै भएको छैन। अन्यत्र यसको असफलता मेरो लागि वैध उदाहरण होइन। भारत सभ्यतागत -जात व्यवस्थागत) राजनीतिबाट केवल वर्गमा आधारित आन्दोलनको माध्यमबाट मात्र मुक्त हुन सक्छ। मेरो विचारमा यसले मात्र हिन्दुत्वजस्ता खतरनाक आन्दोलनको सशक्त वैचारिक प्रतिरोध गर्न सक्छ।

संविधानवाद र एक्टिभिजम (अधिकारवाद) बीचको बहसले वर्षौंदेखि अम्बेडकरवादी आन्दोलनलाई प्रभावित गरिराखेको छ। अहिले यो कत्तिको सान्दर्भिक छ ?

यो बहस उत्तिको महत्त्वपूर्ण छैन। यसलाई धेरैअघि नै अवसरवादले अपहरण गरिसकेको हो। मुख्यतया अम्बेडकरवाद के हो भन्ने विषयमा रिपब्लिकन पार्टीभित्रको प्रारम्भिक बहसमा यो कुरा उठेको थियो। एउटा समूहले संघर्ष पक्षधरको विरोध गर्न संविधानवाद अम्बेडकरवाद हो भन्ने धारणा राखेको थियो, उसले त्यो समूहलाई मार्क्सवादीको लाञ्छना लगाएको थियो। यसैले आरपिआईलाई विभाजन गऱ्यो। अम्बेडकरवादी बौद्धवादी बनेपछि दलित प्यान्थर्सको समयमा पनि संघर्ष पक्षधरहरूलाई मार्क्सवादीको रूपमा चित्रण गर्दै यो पुनः सतहमा देखा पऱ्यो। यसले दलित प्यान्थर्सलाई पनि विभाजित गऱ्यो। यो बहस अहिले मरिसकेको छ, तर मार्क्सवाद अवसरवादी ढंगबाट कुनै पनि पार्टीमा, यहाँसम्म कि भाजपासमेतमा सामेल हुन खोज्नेहरूका लागि बहाना बनेको छ।

कम्युनिस्टहरूले जातको महत्त्व बुझ्न ढिला गरे। उनीहरूले आफ्नो बाटो कत्तिको सच्याएको देख्नुहुन्छ ?

जातविरोधी संघर्षका हिसाबले मात्र होइन, उनीहरूकै वर्गसंघर्षका हिसाबले पनि जातलाई उपेक्षा गर्नु कम्युनिस्टहरूको सबैभन्दा ठूलो मूर्खता हो। जातको यथार्थलाई छोडेर वर्गको अवधारणा नै पूरा हुन सक्दैन। मेरो विचारमा यदि उनीहरूले जातलाई समेट्ने वर्गको कल्पना गरेको भए र जात व्यवस्थाविरुद्ध लड्ने गरी आफ्नो वर्गसंघर्षको रणनीति बनाएको भए उनीहरू अहिलेको दुःखद स्थितिमा पुग्ने नै थिएनन्। आज पनि यो प्रयास गर्न सकिन्छ, तर यो एक शताब्दीअघि दलित र कम्युनिस्ट आन्दोलन उद्भव हुँदाको भन्दा लाखौं गुणा बढी कठिन हुन सक्छ अब।

अम्बेडकरलाई समेट्ने (दुरुपयोग गर्ने) हिन्दू राष्ट्रवादीहरूको प्रयासलाई कसरी विफल पार्न सकिन्छ ? हिन्दुत्वले बौद्धलाई पनि आफ्नो समेट्ने प्रयास गरेको छ। यसले अम्बेडकरवादीहरूलाई कसरी प्रभाव पार्छ ?

हिन्दुत्ववादीको अम्बेडकर अपहरणको प्रयोग उनीहरूको चुनावी खेलको एउटा रणनीतिक कदम मात्र हो। अम्बेडकर र हिन्दुत्व परस्परविरोधी अवधारणा हुन्। सन् १९८० को दशकको सुरुमा दियोरसले आरएसएसको रणनीतिक सुधार नगर्दासम्म हिन्दुत्ववादी शक्तिहरू अम्बेडकरलाई घृणा गर्थे। यदि तथाकथित अम्बेडकरवादीहरूले उनलाई जडप्रतीकमा सीमित नगरेका हुन्थे भने उनीहरू यसमा कहिल्यै सफल हुने थिएनन्। सन् २०२४ को आमचुनावले उनीहरूको यो मैत्रीको अन्त्य गर्न सक्छ, किनकि त्यसपछि हिन्दुत्ववादी शक्तिलाई अम्बेडकरवादीको प्रयोजनिता बाँकी नरहन सक्छ।

पेरियार (द्रविडियन आन्दोलनका प्रणेता एवं प्रसिद्ध भारतीय समाज सुधारक)लाई दुरुपयोग गर्न भने हिन्दू राष्ट्रवादीहरूका लागि कठिन हुन सक्छ। तर, के दलित राजनीतिले पेरियारलाई तमिलनाडु वा दक्षिण भारतबाहिरसमेत प्रयोग गर्न सक्छ ?

हिन्दू राष्ट्रवादीका लागि पेरियार यति प्रखर र तिक्ततापूर्ण ब्राह्मणवादविरोधी आइकन हुन् कि उनलाई हिन्दू राष्ट्रवादीहरूले दुरुपयोग गर्न सक्दैनन्। तर, जहाँसम्म हिन्दू, हिन्दूवाद र हिन्दुत्वबारे उनको धारणाको सवाल छ, त्यो अम्बेडकरको जस्तै नै थियो। मैले भनेजस्तै उहाँका स्वघोषित अनुयायीले नै उनको दुरुपयोगमा सहयोग गरे। तथापि, मलाई यस्तो व्यक्तिकेन्द्रित नायकीय दृष्टिकोणले उप्रान्त प्रतिरोध आन्दोलनहरूको निर्माण गर्नेछ, जस्तो भने लाग्दैन। एउटा नयाँ र संयोजनकारी वर्गीय राजनीति नै भविष्यको आवश्यकता हो।


के जातका अवरोध कहिल्यै हट्न सक्दैनन् ? सक्दैनन् भने सरकार र नागरिक समाजले उनीहरूसँग कसरी व्यवहार गर्नुपर्छ ?

जात नाश हुन सक्दैन भन्ने सोच्नु विशुद्ध मूर्खता हो। विश्वका धेरै ठाउँमा जातजस्ता संस्थाहरू मानव इतिहास बनेका छन्, लोप भइसकेका छन्। यद्यपि भारतको जात व्यवस्थाले धेरै तरिकामा इतिहास र भूगोलको माध्यमबाट आफ्नो विशिष्टता प्राप्त गरेको छ, एक स्वसंगठित, स्वनियमित प्रणाली बनेको छ, अपितु यसलाई तोड्न असम्भव छैन। तर, यसको प्रतिवाद आफ्नै स्रोतसाधन अर्थात् धर्म, संस्कृति आदिको प्रयोगबाट गर्न सकिँदैन, आधुनिकताका स्रोतसाधन (जात व्यवस्थाबाहिर आधुनिक मूल्य-मान्यता)को उपयोग गरेर मात्रै निर्माण गर्न सकिन्छ।

के तपाईं भविष्यप्रति आशावादी हुनुहुन्छ ?

तर्कसंगत रूपमा भन्नुपर्दा चिजहरू जसरी चलिरहेको छ, म यो देशमा यस्तो कुनै आशा देख्दिनँ। फासीवादी विधिहरू प्रयोग गरेर भारत ब्राह्मणवादको पूर्वमध्ययुगतर्फ धकेलिसकेको छ। यो कुरा धेरै मानिसलाई थाहै छैन। फासीवाद विश्वयुद्धको अर्थमा मात्र परास्त भएको तथ्य र वर्तमान नवउदारवादी भूराजनीतिलाई दृष्टिगत गर्दा भारतलाई प्राचीन समतामूलक लयमा फर्काउने कार्य कठिन देखिन्छ। तर, कुनै पनि समस्याको समाधान हुन्छ भन्नेमा मेरो अटुट विश्वास छ। यदि हामीले जनताको मुक्तिलाई मूल ध्येय बनाएको राजनीति निर्माण गर्‍यौं र शासक हुने लालच त्याग्यौं भने भारतलाई मात्र होइन, विश्वलाई पनि मानवताका लागि मुक्त गर्न सम्भव छ। अहिलेको दलदल हामी आफैंले रचेको हो र यसलाई सफा पनि हामी आफैंले गर्नुपर्छ।

गम्भीर सवालमा देश मूकदर्शक बनिरहेको चोटिलो समयका साक्षी हौं हामी। देशको दुकुटीमा रजगज गर्नेहरू केवल विप्रेषणको अग्लँदो अंकको हिसाबकितामा मख्ख हुँदा कैयौं घर-परिवार लथालिंग भइसकेका छन्। विदेश पलायन भई जीवनभर उतैको माटोमा पसिना बगाउने युवाको बाध्यात्मक परिस्थिति आजको तीतो सत्य हो। शाह यही यथार्थलाई चोटिलो रूपमा प्रस्तुत गर्छिन्, कथा ‘परदेशी छोरो’मा।



निःसन्देह खडेरी छ, उज्यालोको यस बखत। शाहको कथा ‘अँध्यारो बस्तीकी नायिका’की नायिकाजस्तै न्यानो र उज्यालो मन बोकेकी विद्रोही युवतीको खाँचो छ। ‘भूत’को आगमनपश्चात् सारा ग्रामवासीको मनमा, मस्तिष्कमा डम्म फैलिएको छ अटेरी कुहिरो। यस्तो लाग्छ, अब त्यो शिशिरकालीन हुस्सु कहिल्यै फाटिनेछैन। सबैतिर चिसो र अँध्यारोको सकस व्याप्त छ। शुष्कतासिवाय केही तैरिएको छैन हावामा। तर, हठात् चमत्कार हुन्छ। त्यस युवतीको छातीभित्रको न्यानो चिराग बनेर निस्किन्छ। निभेको पुल्ठो बोकेका गाउँलेको छातीभित्र उज्यालो प्रसारित हुन्छ। एकछिनअघिको अँध्यारोलाई चिर्दै सबैको मुटुमा आगो सल्काउँदै विद्रोही हुंकार छेड्छिन् उनी, ‘मेरो मुटुभित्र बलेको आगो अझै जीवित छ नायक।’ त्यो मुटुभित्रको आगो निश्चय नै विद्रोहको झिल्को हो।

बेगिन्ती अँध्यारा जन्जिरबाट मुक्त हुन खासमा चाहिएको छ, चेतनाको उज्यालो। तथापि समय बेहद विसंगतिपूर्ण छ। खासमा सिमानामा लखेटिएका भुइँमान्छेका निम्ति त यो समय निकै अप्ठ्यारो छ। पितृवादी समाज-व्यवस्थाले हमेसा भाँजो हाल्छ, सँघार नाघ्न उचालिएका स्त्री गोडाहरू। युगौंदेखि बोकिहिँडेका विभेदी संस्कारका लासलाई काँध चढाइरहेकाहरू आज पनि उत्तिकै सक्रिय छन्, महिलामाथिको हिंसालाई बढावा दिन। यस अवस्थामा पक्का चाहिएको छ विद्रोही चेतना, जसले विभेद र दमनविरुद्ध आवाज बुलन्द पार्न सक्छ।

दिला शाहको कथासंग्रहमा महिलाकेन्द्रित कथाको संख्या ज्यादा भए पनि सामाजिक सरोकारका अन्य विषय प्रशस्त समेटिएका छन्। समय सान्दर्भिक विषय, मानवीय सम्बन्ध र संवेदनामाथिको मन्थन तथा पितृसत्तात्मक दलनमा परेका महिलाहरूको विषय उठान यस संग्रहका विशेषता हुन्। यथार्थवादी तथा समस्याकेन्द्रित कथाहरूको बाहुल्य रहेका शाहका कतिपय पात्रको चेतनागत विकास भने कमजोर लाग्छ। परिवारको इज्जत र प्रतिष्ठाको घेराबाट उम्कन नसकेकी जाविदा होस् या बिलौना गर्दै मनमनै ‘तिम्री रियालाई सुरक्षा देऊ’ भनी पवनलाई पुकार्ने रिया, दुवै पात्र एक कदम पछाडि हटेकै देखिन्छन्। विद्यमान महिलाद्वेषी पितृतन्त्रात्मक सामाजिक यथार्थलाई चिर्न पात्रहरूको विद्रोहीपना र प्रतिरोधी चेतना आवश्यक छ। यथार्थको सपाट चित्रणले गर्दा कतिपय कथाले पक्डनुपर्ने कलात्मक लय र कल्पनाशील उडानमा कमी भएको महसुस पनि हुन्छ। तथापि शाहका कथाहरू समकालीन मधौरुपनाका दृष्टान्त हुन्, निःसन्देह।

संग्रहालयमा पनि सुरक्षित छैनन् पुर्खाका नासो

छाउनीस्थित नेपालकै ठूलो नेसनल म्युजियम भद्रगोल छ। म्युजियमभित्रै सड्दै छन् जंगबहादुर र भीमसेन थापाका भोटा



शिवहरि घिमिरे
journalistshiv2015@gmail.com

अभिलेख



म्युजियमभित्र अव्यवस्थित तरिकाले ह्यांगरमा झुन्ड्याएर राखिएको राणा प्रधानमन्त्री जंगबहादुर राणाले प्रयोग गर्ने फौजी कोट, दौरासुरुवाल, बुट र जुत्ता।



म्युजियमभित्र भुइँमा पत्रिकाले छोपेर राखिएका भीमसन थापा र जंगबहादुरको पालाका हातहतियार

पुर्खाले गरेको रचना, योगदान र तत्कालीन समाजको चिनारी संग्रहित गरेर राख्ने र आउँदो पुस्तालाई जस्ताको तस्तै जानकारी दिने थलो संग्रहालय नै हो। संग्रहालयमा लाखौँ वर्ष पुराना वस्तु नयाँ पुस्ताको जानकारी लागि पनि सम्हालेर राखिएको हुन्छ। संग्रहालय एउटा विद्यार्थीका लागि शैक्षिक केन्द्र हो भने रिसर्चरका लागि रिसर्च सेन्टर। त्यहाँ पुग्दा देशको इतिहास, समाज र पुर्खाको योगदानबारे नयाँ पुस्तालाई जान्न र अध्ययन-अनुसन्धान गर्न मद्दत पुग्छ। संसारभरि नै त्यो ठाउँको इतिहासबारे जानकारी दिनुपर्‍यो भने त्यसको स्रोत संग्रहालय नै हो। तर, नेपालमा रहेको संग्रहालय निकै असुरक्षित र साँघुरा छन्। संग्रहालयको असुरक्षा भवन नराम्रो भएर होइन, त्यहाँ रहेका ऐतिहासिक वस्तुहरूको सजावट र राख्ने तरिका नमिल्दा ऐतिहासिक वस्तुहरू असुरक्षित बनेका हुन्।

छाउनीस्थित राष्ट्रिय संग्रहालयको बाहिरी र भित्री बनावट सुन्दर देखिन्छ। तर, भवनको कोठाकोठामा राखिएका अति महत्त्वपूर्ण ऐतिहासिक दस्तावेजलाई सुरक्षासँग दाजेर हेर्ने हो भने अत्यन्तै नाजुक रहेको भान हुन्छ। सामान्यतया, संग्रहालयमा वस्तुअनुसार 'थिमिटिकल डिस्प्ले' गरिएको हुनुपर्छ। तर, यहाँ म्युजियममा डिस्प्ले गर्ने तरिका पनि मनमौजी छ। कुनपछि कुन राख्ने भन्ने विधि संग्रहालयमा मिलेको देखिँदैन। यसोगर्दा संग्रहालयभित्र रहेका अति संवेदनशील र महत्त्वपूर्ण वस्तु ओझेलमा परेका छन् भने केही महत्त्वपूर्ण वस्तु सड्ने अवस्थामा छन्। यसको ज्वलन्त उदाहरण हो- छाउनीस्थित नेसनल म्युजियममै राखिएको जय बर्माको मूर्ति। यो मूर्तिसँगै १८औँ शताब्दीको अर्को मूर्ति राखिएको छ। संग्रहालयभित्र भीमसेन थापा र जंगबहादुरले प्रयोग गरेका भोटोलगायत लुगाहरू सड्ने अवस्थामा छन्। यसबाहेक यहाँ ऐतिहासिक वस्तुहरू डिस्प्ले गर्दा 'थिम' नै मिलाइएको छैन। संग्रहालयमा कुन पुरानो, कुन नयाँ, कुन सानो, कुन ठूलो, कुन महत्त्वपूर्ण भन्ने क्रम मिलाएर राखिएकै छैन। पुरातत्त्व विभागका पूवउपमहानिर्देशक डा. भरत रावतका अनुसार यहाँका म्युजियममा ऐतिहासिक वस्तु सजाउँदा सिलसिला मिलाइएको छैन। एउटै कोठामा काठ, ढुंगा, माटो, कागज र विभिन्न धातुका मूर्ति कोचेर राखिएका छन्। संग्रहालयमा रहेका सामानलाई डिस्प्ले गर्दा कहाँबाट सुरु गरेर कहाँ अन्त्य गर्ने भन्ने नियम हुन्छ। तर, छाउनी तथा उपत्यकाका तीन जिल्लाका दरबार क्षेत्रका संग्रहालय भद्रगोल अवस्थामा विभिन्न वस्तुहरू राखिएका छन्। 'नेपालमा रहेका संग्रहालयमा वस्तुहरूको वर्गीकरण राम्रो छैन। यदि पुरानो वस्तु हो भने त्यसलाई मात्रै एउटा कोठामा राखिदिनुपर्छ,' डा. रावत भन्छन्, 'संग्रहालयमा राखिएका सबै वस्तुहरूको सर्टनोट पनि लेखिएको छैन, कतै माटोबाट बनेका वस्तुसँग धातुको मूर्ति मिसाइएको छ, कतै थांकासँगै काष्ठकलाबाट बनेका मूर्ति एकैठाउँ राखिएको छ, यो हुँदै भएन।'

पूर्वउपमहानिर्देशक रावत केही वर्षअघि ग्रिसमा रहेको संग्रहालयमा पुगेका थिए। उनलाई थर्ड सेन्चुरीको एउटा मूर्ति देखाइएको थियो। तर, त्यो मूर्तिको कुनै पनि भागमा दाग लागेको थिएन, निकै सुरक्षित तरिकाले राखिएको देखेपछि रावतले प्रश्न गरेका थिए,'त्यति पुरानो मूर्तिमा पनि कुनै दाग नलाग्नुको कारण के होला ?' उनलाई म्युजियमकै एक कर्मचारीले भनेका थिए, 'यो नेपालको म्युजियम होइन, ग्रिसको हो।' तर, नेपालका संग्रहालयभित्र राखिने ऐतिहासिक वस्तुहरूको वर्गीकरण भद्रगोल छ भने त्यसमा दिने भित्री र बाहिरी प्रकाश पनि नमिलेको डा. रावतको ठम्याइ छ। जसका कारण नेपालका संग्रहालयभित्र रहेका वस्तुहरू असुरक्षित रहेको र पुर्खाका नासो छिट्टै नाश हुन सक्ने डर पैदा भएको छ। तर, ललितपुरको पाटन दरबार क्षेत्रमा रहेको पाटन संग्रहालयका प्रमुख सुरेश लाखेले म्युजियमभित्र प्रत्यक्ष उज्यालो दिन नहुने बताए। उनले पाटन संग्रहालयभित्र राखिएका सबै ऐतिहासिक वस्तु अप्रत्यक्ष लाइट राखिएको दाबी गरे। 'कुनै पनि वस्तुमा प्रत्यक्ष लाइट राख्नुहुँदैन, अर्कोकुरा, कुनै लुगा वा कागजात छ भने त्यसलाई झुन्ड्याएर पनि राख्नुहुँदैन,' उनले भने, 'यसो गर्दा गुरुत्वाकर्षणका कारण लुगा वा कुनै कागजात तानिने र छिटो फाट्ने डर हुन्छ। यस्तो वस्तु भार नपर्ने गरी सजाउनुपर्छ।'



म्युजियमभित्र राखिएका ह्वेल माछा र अन्य जनावरका सिङ

अवलोकनकेन्द्रित मात्रै छन् नेपालका संग्रहालय

संग्रहालय एक सार्वजनिक सम्पत्ति हो। यसको प्रयोग बालबालिका, अनुसन्धानकर्तादेखि विशेषज्ञले समेत गर्छन्। यसमा राखिएका वस्तुहरूको दायरा निकै फराकिलो हुन्छ। संग्रहालयमा कला, विज्ञान, प्राकृतिक इतिहास, स्थानीय इतिहास र अन्य विषयहरू झल्किने वस्तु सजाइएको हुन्छ। तर, यस हिसाबमा नेपालका संग्रहालय निकै कमजोर र साँघुरा छन्। हाल नेपालमा छाउनीस्थित नेसनल म्युजियम सबैभन्दा ठूलो मानिन्छ। यसबाहेक उपत्यकाका तीन जिल्लामा तीनवटा, धनकुटा, पोखरा र सुर्खेतमा एक-एकवटा संग्रहालय छन् भने यसबाहेक विभिन्न व्यक्ति, संघ-संस्थाका नाममा खोलिएका चार दर्जनभन्दा बढी संग्रहालय छन्। तर, नेपालका सबै संग्रहालयहरूलाई अध्ययन-अनुसन्धानको थलोका रूपमा प्रयोग गर्न सकिएको छैन। उता भारतमा रहेको नेसनल म्युजियममा तीन विषयमा पढाइ हुन्छ, केहीले त्यही भित्रकै विषयमा पिएचडीसमेत गर्छन्। जापानमा पनि 'ओसाका' भन्ने बृहत् म्युजियम छ। यहाँ १५ वटाभन्दा बढी विषयमा विद्यार्थीले पढ्न पाउँछन्। तर, हामीकहाँ म्युजियम भनेको हेर्ने र रमाइलो गर्ने थलोका रूपमा मात्रै रहेको पाइन्छ। अध्ययन-अनुसन्धानका लागि प्रयोग गरिएको छैन। कतिपयले त लभ गर्ने ठाउँ पनि म्युजियमलाई नै बनाएको आरोप पूर्वउपमहानिर्देशक रावतको छ। उनका अनुसार संग्रहालय, पुरातत्त्व र अभिलेखालय फरक विषय हुन्। तर, नेपालका सबैजसो संग्रहालयमा पुरातत्त्वका कर्मचारी नै छन् भने म्युजियमसम्बन्धी अध्ययन गरेका कर्मचारीहरू छैनन्। संग्रहालयमा छुट्टै टिम चाहिन्छ। पुरातत्त्व र म्युजियमलाई जोड्न नमिल्ने भए पनि पुरातत्त्वअन्तर्गत म्युजियमलाई राखेको छ। नेसनल म्युजियममा राखिएको सबैभन्दा पुरानो वस्तु हात्तीको दाँत हो, जुन जीवाश्मा बनिसकेको छ। दाङबाट ल्याइएको त्यो हात्तीको दाँत ढुंगा बनिसकेको छ।

यसकारण संवेदनशील हुन्छन् संग्रहालय !

भनिन्छ, म्युजियम मानिसलाई आकर्षण गर्ने किसिमको हुनुपर्छ। मानिसलाई आऊँ-आऊँ बनाउने किसिमको हुन्छ। तर, यहाँका म्युजियममा एकपटक आएका मानिस दोहोऱ्याएर आउँदैनन्। यसको कारण यहाँका संग्रहालयलाई व्यवस्थित नबनाउनु पनि हो। यसबाहेक संग्रहालयमा एकैपटक धेरै मानिस छिर्ने मिल्दैन। त्यसोगर्दा तापक्रम बढ्छ र त्यसको असर त्यहाँभित्र रहेका वस्तुमा पर्छ। तर, नेपालमा संग्रहालयको सुव्यवस्थित सुरक्षा नभएको पूर्वउपमहानिर्देक डा. रावतको भनाइ छ। उनी यसबाहेक कुनै पनि संग्रहालयमा 'कन्जर्भेसन ल्याब' र त्यसको टिम हुनुपर्ने बताउँछन्। 'कुनै पनि बाढीपहिरो हुने, आगलागी हुने सम्भावित ठाउँमा म्युजियम बनाइनुहुँदैन, तर नेपालमा म्युनियम सेक्युरिटीबारे कुनै चासो छैन,' उनी भन्छन्, 'एकपटक आगलागी भयो भने म्युजियम नै ध्वस्त हुने अवस्था आउँछ। त्यसकारण हावा, पानी, प्रकाश, प्राकृतिक विपत्तिलगायतको सुरक्षामा ध्यान दिन आवश्यक छ।'

उज्यालोबाट पनि असुरक्षित

म्युजिममा रहेका वस्तुहरूलाई राख्ने तरिका नमिल्दा वा चाहिनेभन्दा बढी उज्यालो दिँदा सबैभन्दा बढी असर पर्ने गर्छ। यसबाहेक नेपालमा म्युजियममा कार्यरत कर्मचारीहरू पनि त्यहाँ रहेका ऐतिहासिक वस्तुहरू जथाभावी छुने, चलाउने गर्छन् भने सरसफाइ गर्न पनि जान्दैनन्। अर्कोतर्फ, म्युजियम भिजिट गर्न गएकाहरूले पनि ती वस्तु छुने गर्छन्। त्यहाँ कुनै निगरानी नै देखिँदैन। हाल छाउनी तथा अन्य म्युजियममा रहेका वस्तु विभिन्न कपडाले पुछ्ने गरेको पाइन्छ। तर, यसरी पुछ्न वा छुन मिल्दैन। यसोगर्दा त्यो वस्तु छिटो खुइलिने, फाट्ने वा थोत्रिने सम्भावना हुन्छ। यहीकारण पनि नेपालका म्युजियममा रहेका वस्तुहरू सुरक्षित नभएको पूर्वउपमहानिर्देशक डा. रावतको भनाइ छ।

म्युजियममा रहेका वस्तुहरूमा दिने प्रकाश मापन गर्ने यन्त्रलाई 'लक्स मिटर' भनिन्छ। कुनै पनि म्युजियमभित्र रहेका वस्तुहरूमा बाहिरी वा भित्री उज्यालो दिँदा त्यसको मापन अनिवार्य गर्नुपर्छ। यसको मुख्य समस्या हो हाम्रो प्रिजर्भेसन, म्युजियम, आर्क्यालजीलगायत विषयबारे पढाइ नै हुँदैन। अनि कसरी हुन्छन् यहाँ म्युजियमको सुरक्षा जानेका जनशक्ति ? तर, मापन नगरी जथाभावी उज्यालो दिँदा त्यसले वस्तुलाई नै खान्छ। नेपालका म्युजियममा 'लक्स मिटर'को प्रयोग नै गरिएको छैन। ह्वाङह्वाङती भ्याल खोलिएको हुन्छ। पूर्वउपमहानिर्देशक रावतका अनुसार म्युजियममा राखिएका काठका मूर्ति, थांका, ढुंगाका मूर्ति, लुगा तथा कपडा, मेडल, कागजातलगायतका आवश्यकताअनुसारको उज्यालो दिनुपर्छ। म्युजियममा राखिएका कुनै पनि वस्तुमा अप्रत्यक्ष उज्यालो आवश्यक हुन्छ। तर, छाउनीस्थित नेसनल म्युजियममा चर्को अबजेक्टिभ लाइट (वस्तुकेन्द्रित बत्ती) दिइएको हुन्छ। यसोगर्दा काठ, कपडा, धातु वा कागज खुइलिने, किरा लाग्नेलगायत समस्या हुन्छ। यसबाहेक धमिरा र काठको किराले काठका मूर्ति ध्वस्त पार्ने देखिएको छ।

> संग्रहालयभित्र भीमसेन थापा र जंगबहादुरले प्रयोग गरेका भोटोलगायत लुगा सड्ने अवस्थामा छन्। यसबाहेक यहाँ ऐतिहासिक वस्तु डिस्प्ले गर्दा 'थिम' नै मिलाइएको छैन। एउटै कोठामा काठ, ढुंगा, माटो, कागज र विभिन्न धातुका मूर्ति कोचेर राखिएका छन्।

नेपालका म्युजियममा देखिएको अर्को डर हो, आगलागीलगायत प्राकृतिक विपत्तिको। कुनै पनि म्युजियममा लागलागी वा भूकम्पसँग सम्बन्धित सचेतना र पूर्वतयारी केही पनि छैन।

कसरी राख्ने सुरक्षित ?

म्युजियममा अधिकांश वस्तु सोकेश र फ्रेम बनाएर राखिएको छ। तर, सिसाको फ्रेमभित्र राखिएको वस्तुलाई सिसाले कुनै सुरक्षा दिँदैन। म्युजियम सुरक्षासम्बन्धी जानकारका अनुसार सबैभन्दा महत्त्वपूर्ण त अप्रत्यक्ष उज्योला मात्रै दिनुपर्छ। उज्यालो 'लक्समिटर'ले मापन गर्नुपर्छ। कुनै वस्तुलाई हातले वा कुनै पनि चिजले छुनु हुँदैन। यसबाहेक म्युजियममा बस्ने कर्मचारी, सेक्युरिटीगार्ड वा भिजिटरले मास्क लगाउनुपर्छ। हातले छुनु हुँदैन। यदि सफा गर्ने वेलामा कुनै वस्तु छुने पऱ्यो भने पन्जा लगानुपर्छ र त्यसमा असर नपर्ने किसिमको केमिकल प्रयोग गर्नुपर्छ। त्यस्तै, म्युजियममा रहेका थांका पेन्टिङहरूलाई उचाल्नु वा झुन्ड्याउनु हुँदैन। म्युजियममा रहेका वस्तुहरूको 'प्रिजर्भेसन' गर्न जान्यो भने त्यहाँ राखिएका वस्तुहरूको आयु लाखौँ वर्षसम्म हुन्छ। मुख्य कुरा त सनलाइट, बिजुलीबाट दिइने लाइट, ह्युमिडिटीलगायतमा बढी ध्यान दिनुपर्छ। धेरै चिसो वा तातोमा राख्नुहुँदैन। चिसो कोठा भयो भने त्यहाँ राखिएका वस्तुहरूमा ओस पस्छ र फंगस आउन सक्छ। अर्को कुरा कुनै पनि वस्तुमा आवश्यकताअनुसार प्रकाश दिनुपर्छ भने काष्ठकलामा किरा लाग्न नदिन केमिकलको प्रयोग गरिन्छ।

सुरक्षित छैनन् जंगबहादुर र भीमसेन थापाका भोटा

म्युजिममा झन्डै दुई सय वर्ष पहिले भीमसेन थापालाई फ्रेन्चहरूले दिएको भोटो तथा उनले प्रयोग गर्ने बुट र जुत्ताहरू राखिएका छन्। तर, त्यसलाई प्लास्टिकको ह्यांगरमा झुन्ड्याइएको छ। यसरी कुनै पनि वस्तुलाई झुन्ड्याएर राख्न मिल्दैन। त्यसो गर्दा कपडा तानिने, धागो निस्कने र खुइलिने हुन्छ। त्यसलाई जोगाउन कुनै टेको दिनुपर्छ भने प्रत्यक्ष लाइट दिनुहुँदैन। म्युजियमभित्र तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले लगाउने दौरा सुरुवाल, टाई, बुट, जुत्ता, मेडललगायत वस्तु पनि त्यसैगरी झुन्डयाइको छ। म्युजियमभित्र राखिएका जंगबहादुर र भीमसेनकालीन हातहतियारसमेत भुइँमा छरपस्ट पारेर कागजले छोपेर राखिएको छ। यस्तै, नेसनल म्युजियममै भीमसेन थापाले बनाएको तत्कालीन समयको नेपालको नक्सा राखिएको थियो। तर, हाल उक्त नक्सा म्युजियमबाट गायब छ।

संग्रहालयकी संग्रहालय अधिकृत मिमी प्रधानले बजेट अभावका कारण व्यवस्थित गर्न नसकिएको बताइन्। 'यहाँका कति ऐतिहासिक वस्तु व्यवस्थित गर्न बाँकी छ, तर म्युजियममा राखिएका वस्तुहरू असुरक्षित हुन्छन् भन्न मिल्दैन। हामीले अहिले पुराना हातहतियार र अन्य वस्तुहरू राम्ररी डिस्प्ले गर्न खोज्दै छौँ,' उनले भनिन्,' जंगबहादुर र भीमसेनलगायतका चिनारीहरू सुरक्षित नै छन्।' तर उनले ह्यांगरमा झुन्ड्याउँदैमा जंगबहादुर र भीमसेनका लुगाहरू नबिग्रने दाबी गरिन्। उनले नेपालको पुरानो नक्सा पनि संग्रहालयलाई मर्मत गर्नेहरूले कतै सारेको, तर नहराएको जानकारी दिइन्।

मुक्तिको कामना



निरा शर्मा
kaliktm@gmail.com

कविता

सदा निरोगी भएस् !
सधैँ सुखी रहेस् !
एउटै आशिष र सत्संकल्प हुन्थ्यो बाआमाको

सधैँ सुख र आरामीको गीत गाइरहने मेरा बाआमा
यतिवेला बिसन्चोको बर्को ओढेर
निसासिँदै सास फेरिरहेछन्
र आँसुमा डुबेको छ
बाआमाको आशिष पनि

मौन भाषामा
साउती मारेझैँ गर्दै
भुसको आगो ओकल्न खोजे पनि
चुपचाप छ
निर्दयी, बहिरो र अन्धो समय
जो सुन्दैन मेरो आत्माको पुकार
देख्दैन मेरो आँसुको सागर !

हुन त
म बाँचिरहेको समाजको विद्रुप ऐनामा
बेबारिसे बनाइए होलान्
मेरा थुप्रै अलिखित अधिकार
मेरा कर्तव्यलाई पथच्यूत पारिएपछि
बेखबर पुरिँदै गए होलान्
मेरा तमाम दायित्वहरू

मृत्युभन्दा दर्दनाक देखेपछि जीवन
मौनताको सेतो दागरहित भित्तोमा
रंगहीन आँसुको मसीले
मृत्युको अज्ञात छायाँलाई
यो भयानक निवेदन लेखिरहँदा
मौन छु म
एकदम मौन
र, यही मौनताको डरलाग्दो भिरमा अडिएर
भनिरहेछु

मेरा प्रिय बाआमालाई
तपाईं जानुहोस् बा
आमा ! तपाईं पनि जानुहोस्
भयो ! पुग्यो !
छोडिदिनोस् यो दुःखको संसार !

यो उराठिलो आग्रह सुनेर
आश्चर्य नमाने हुन्छ कसैले
आखिर उल्टो हिँडे पनि
गन्तव्य त सुल्टै हुन्छ
निर्वाण ! मोक्ष ! मुक्ति !
क्रूर समयले
कहिलेकाहीँ बनाउँदोरहेछ-
सत्य तर कठोर !
हो समयको त्यही कठोर कठघरामा
निर्दयी बनेर उभिइरहेको म
अब अरू निरीह बनेर
चुपचाप सुन्न र टुलुटुलु हेर्न सक्दिनँ
जिउँदैमा झमझम बजाइएको मृत्युबाजा !

मेरा बूढा बाआमालाई
समयले दिएको निर्मम यातना नै
पर्याप्त छन्
फुतुफुतु मलाई गलाउन !
दोधारमा छु म
समयसँग नतमस्तक बनेर
उसको लीला हेरिरहुँ
या झगडा गरूँ ?

हे ईश्वर !
यो अभिशप्त जिन्दगीभन्दा त
कि देऊ निरोगी र खुसी बुढेसकाल
कि देखाइदेऊ इच्छामरणको उज्यालो
र खोलिदेऊ मुक्तिको मार्ग !

झ्याप्पै !



रवि मिश्र
@rabimishra




अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ९ भदौ ०८०

६ लाखभन्दा बढी पशुलाई लगाइयो लम्पी स्किनको खोप

भोजराज भण्डारी/नयाँ पत्रिका

लम्पी स्किन खोप लगाउने पशुको संख्या ६ लाख ८६ हजार नाघेको छ। पशु सेवा विभागले दिएको जानकारीअनुसार पछिल्लो समय खोप लगाउने पशुको संख्या बढ्दा संक्रमणदर पनि बिस्तारै घट्दै गएको छ। अहिलेसम्ममा १० लाख ८२ हजार एक सय ५९ पशु निको भएको विभागले जनाएको छ। हालसम्म देशभर १३ लाख पाँच हजार तीन सय ६१ पशुमा लम्पी स्किन संक्रमण पुष्टि भइसकेको छ। जसमध्ये हाल सक्रिय संक्रमित पशुको संख्या एक लाख ७५ हजार रहेको छ।



■ बागमती प्रदेशमा बढी संक्रमण

विभागका अनुसार अन्य प्रदेशमा लम्पी स्किन संक्रमणमा केही कमी आएको भए पनि बागमती प्रदेशमा यो रोगले भयावह रूप लिएको छ। बागमतीमा मात्र ६२ हजार आठ सय ९३ पशुहरू सक्रिय संक्रमित रहेका छन्। उक्त प्रदेशमा हालसम्म ६ सय १३ पशु संक्रमणका कारण मरेका छन्। अवस्था भयावह देखिएपछि उक्त क्षेत्रमा खोप अभियानका रूपमा चलाइएको प्रवक्ता ढकालले बताए। उनले भने, 'अहिले यो अवस्था पशु क्षेत्रका लागि 'हट स्पट'जस्तो देखिएको छ। त्यसैले खोपको दायरा बढाएका छौं।' बागमतीमा हालसम्म एक लाख ५० हजार नौ सय ९५ पशुमा खोप लगाइएको उनको दाबी छ।

प्रदेश	हालसम्म जम्मा संक्रमित	सक्रिय संक्रमित	निको भएका पशु	मरेका पशु	खोप लगाइएका
कोसी	२३७४२१	१७०५६	२१३६७९	६६८६	१४७४७८
मधेस	६८४१६	३२१८३	३४२०८	२०२५	१४८५३०
बागमती	१९३८७४	६२८९३	१२७९६८	६०१३	१५०९९५
गण्डकी	६९८४१	१०७२१	५५८७३	३२४७	१७०८५१
लुम्बिनी	१८१९३५	२१६४४	१५४६४५	५६४६	५०९५०
कर्णाली	२२५०७५	१२२५९	२०२५६८	१०२४९	१३०४६
सुदूरपश्चिम	३२५७९९	१८७९७	२९३२१९	१३७८३	४६००
जम्मा	१३०५३६१	१७५५५३	१०८२१५९	४७६४९	६८६४५०

स्रोत : पशु सेवा विभाग

बागमती प्रदेशमा मात्र हालसम्म एक लाख ९६ हजार आठ सय ७४ पशुमा लम्पी स्किन रोग पुष्टि भएको छ। त्यस्तै, गण्डकी प्रदेशमा सबैभन्दा धेरै बढी खोप लगाइएको विभागले जनाएको छ। उक्त प्रदेशमा एक लाख ७० हजारभन्दा बढी पशुमा खोप लगाइएको विभागको दाबी छ। उक्त क्षेत्रमा हालसम्म ६९ हजार आठ सय ४१ पशुमा संक्रमण पुष्टि भएको छ भने हाल सक्रिय संक्रमित पशुको संख्या १० हजार सात सय २१ रहेका छन्।

लम्पी स्किन रोगको नियन्त्रणका लागि सबै प्रदेश र स्थानीय तहहरूमा बजेट विनियोजन भइसकेको र केही स्थानहरूमा अभियानमुखी खोप कार्यक्रम चलिरहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहप्रवक्ता तपेन्द्रप्रसाद बोहोराले बताए। उनले भने, 'अहिले निजी क्षेत्रबाट खरिद गरेर भए पनि खोप लगाउने अभियान नै चलाएका छौं। दीर्घकालीन समाधानका लागि सबै पशुमा लगाउनुपर्ने भएको हुँदा देशभित्र नै लम्पी स्किन रोगको खोप उत्पादन गरी किसानलाई निःशुल्क रूपमा उपलब्ध गराउने गरी मित्र राष्ट्रहरूमा पहल गरेका छौं।'

लम्पी स्किन रोग नियन्त्रणका लागि छिमेकी मुलुकहरूको अनुभव र अभ्यास, विश्व पशु स्वास्थ्य संगठनको सिफारिस र नेपालका पशु चिकित्साविज्ञसमेतको रायका आधारमा 'गोट पक्स' खोप आयात र प्रयोग गर्न सहमति भएको उनको भनाइ छ।

■ पशुधन क्षति भएका किसानलाई राहत उपलब्ध गराइने

किसानले लम्पी स्किन रोगले मरेका पशुहरूको क्षतिपूर्ति पाउनुपर्ने चौतर्फी माग बढेपछि सरकारले यसबारे पहल थालेको छ। मन्त्रालयका अनुसार क्षति भएको यथार्थपरक तथ्यांक निकालेर क्षतिपूर्ति दिने गरी आवश्यक मापदण्ड तयार भएको बोहोराले बताए। उनले भने, 'हामीले मापदण्ड बनाएर मन्त्रिपरिषद्मा पेस गरेका छौं। अब स्वीकृतिको प्रक्रियामा छ, निर्णय भएपछि स्थानीय तहमा बजेट विनियोजन गरी क्षतिपूर्ति भराउने मापदण्ड बनेको छ।'

मन्त्रालयले आगामी दिनमा लम्पी स्किन रोग नियन्त्रण कार्य प्रभावकारी बनाउन रोग नियन्त्रणको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिमा पेस गरेको छ।

■ हचुवाका भरमा तथ्यांक

पशु सेवा विभागले लम्पी स्किनबाट मरेका पशुको तथ्यांक हचुवाका भरमा सार्वजनिक गरेको पाइएको छ। विभागले गत ३ साउनमा सार्वजनिक गरेको तथ्यांकमा लम्पी स्किनको संक्रमणबाट मरेका पशुको संख्या ४८ हजार एक सय ३३ रहेको थियो। तर, भदौको पहिलो साता सार्वजनिक गरेको तथ्यांकमा संक्रमणबाट मरेका पशुको संख्या ४७ हजार ६ सय ४९ मात्र सार्वजनिक गरेको छ।

पशु सेवा विभागका प्रवक्ता चन्द्रप्रसाद ढकालले तथ्यांक संकलन गर्ने संयन्त्र नभएको हुँदा यस्तो समस्या देखिएको बताए। उनले भने, 'हामीलाई तथ्यांक संकलनमा सबैभन्दा ठूलो समस्या देखिएको छ, यथार्थपरक तथ्यांक आउन छाड्यो। धेरैपटक सम्बन्धित निकायमा समेत यो कुरा राखेका छौं, तर कार्यान्वयन हुन सकेको छैन।'

पछिल्लो समय भइरहेको तथ्यांक पनि स्थानीय तहसँग समन्वय गरेर अनुमानका भरमा आउने गरेको उनले बताए। संघीयताअघि तथ्यांक संकलन गर्ने ४८ भन्दा बढी निकाय थिए, अहिले त्यो अवस्था पनि नभएको उनको भनाइ छ।

उनले भने, 'तथ्यांक नै नहुनुभन्दा स्थानीय तहसँग सम्पर्क गरेर, लौ न यसो बुझेर तथ्यांक पठाउनुपऱ्यो भनेर गुहार्नुपर्ने अवस्था छ, उताबाट अनुमानका भरमा तथ्यांक आयो।' अहिले आएको तथ्यांक भने सही भएको उनको भनाइ छ। रोगको तथ्यांक नै उल्टो भएपछि योजना आयोग र ज्ञानकेन्द्रसँगको सहकार्यमा तथ्यांक संकलन गरेको हुँदा यो तथ्यांक आधिकारिक मान्न सकिने उनको जिकिर छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका पूर्वसचिव योगेन्द्र कार्कीले कृषि तथा पशुपक्षीको तथ्यांक अनुमान र हचुवाका भरमा हुने गरेको बताए। उनले भने, 'कृषिको तथ्यांक गम्भीर विषय हो, तर यहाँ कर्मचारीलाई लागेको भरमा अन्दाजका भरमा तथ्यांक संकलन गर्ने र त्यसलाई आधिकारिक मान्ने जुन परम्परा बसेको छ, जसले गर्दा कृषि र पशुको तथ्यांक अहिलेको अवस्थामा कर्मकाण्डी मात्र बन्न पुगेको छ।'

कृषिविज्ञ कृष्णप्रसाद पौडेल कृषिको तथ्यांकमा राज्य प्रणाली नै गम्भीर हुन नसकेको बताउँछन्। उनले भने, 'अहिले जति पनि तथ्यांकहरू संकलन भएका छन्, ती एउटा आधार मात्र हुन्, वास्तविक तथ्यांक निकाल्न सकेको छैन।'

साउनमा २५ अर्ब लगानीका २७ उद्योग दर्ता

काठमाडौं/ उद्योग दर्ता र लगानी प्रस्तावका हिसाबले चालू आर्थिक वर्ष पनि सुखद नहुने संकेत देखिएको छ। आर्थिक वर्षको पहिलो महिना साउनमा स्वदेशी तथा विदेशी लगानी प्रतिबद्धता गत वर्षको सोही अवधिको तुलनामा ४० प्रतिशतले घटेको छ। चालू आवको साउनमा उद्योग विभागमा २५ अर्ब नौ करोड लगानीका २७ उद्योग दर्ता भएका छन्। गत वर्षको साउनमा ४१ अर्ब ५२ करोड रुपैयाँ लगानीका २७ वटै उद्योग दर्ता भएका थिए। दुवै आर्थिक वर्षको साउनमा उद्योग दर्ता संख्या समान रहे पनि लगानी प्रतिबद्धता भने साढे १६ अर्बले घटेको छ।

आर्थिक वर्ष ०७८/७९ कै तुलनामा आर्थिक वर्ष ०७९/८० मा उद्योग दर्ता र लगानी प्रतिबद्धता घटेको थियो। उद्योग दर्ता र लगानीका हिसाबले चालू आर्थिक वर्ष झनै खराब हुने संकेत पहिलो महिनाको तथ्यांकले देखाएको छ।

पछिल्ला महिनाहरूमा बैंकमा तरलता बढ्न थालेसँगै कर्जाको ब्याजदर घट्न थालेको छ। तर, उपभोगमा आएको चरम गिरावटका कारण सञ्चालनमै रहेका उद्योग-व्यवसाय आंशिक रूपमा सञ्चालन भइरहेका छन्। बैंकमा तरलता पर्याप्तता, एकल बिन्दुको ब्याजदर, उपभोगमा वृद्धि नहुँदासम्म बजार चलायमान नहुने भन्दै निजी क्षेत्रका छाता संस्थाहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायतले सरकार र राष्ट्र बैंकको ढोका ढकढक्याइरहेका छन्।

नबिल बैंक लिमिटेड, वितामोड शाखा, इलामको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०५/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७५/०१/२० मा दर्ता नं. १८८६२३/७४/०७५ अन्तर्गत दर्ता भएको **श्री आर.के.एल .इलाम निर्माण सेवा।**

ठेगानाः इलाम जिल्ला, माई न.पा. वडा नं. ०३, इलाम।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मान बहादुर लिम्बुको नाति, धन बहादुर लिम्बुको छोरा, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ०३/१/०१९/८९१३० जारी मितिः २०६५/५/१८, स्थान इलाम) भएका **श्री राज कुमार लीम्बु।**

२. हर्क बहादुर राईकी छोरी, धन बहादुर लिम्बकी बुहारी, राज कुमार लीम्बुकी श्रीमती, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ०३/०१/६९/००९८१ (जारी मितिः २०६९/०६/१० स्थान इलाम) भएकी **श्रीमती बुद्ध रानी लिम्बु।**

३. माकुने लिम्बुको नाति, टेक बहादुर लिम्बुको छोरा, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ६३५५६/९९६ जारी मितिः २०५८/१०/२४, स्थान इलाम) भएका **श्री मन प्रसाद लीम्बु।**

४. हर्क बहादुर राईकी छोरी, हर्क बहादुर राईकी बुहारी, सोम बहादुर राईकी श्रीमती, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ०३०१९३/३५९ (जारी मितिः २०६३/१०/१६, स्थान इलाम) भएकी **श्रीमती मन कुमारी राई।**

५. मन बहादुर लिम्बुको नाति, धन बहादुर लिम्बुको छोरा, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ७४०९६/१०७९ जारी मितिः २०६१/०२/१४, स्थान इलाम) भएको **श्री मन बहादुर योङहान।**

६. डम्बर धोज चेम्जोङकी नातीनी, ठालीमान चेम्जोङकी छोरी, पाँचथर जिल्ला, फाक्तेप गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ४५३/७ (जारी मितिः २०६३/५/६, स्थान पाँचथर) भएकी **श्रीमती केवी माया चेम्जोङ।**

७. धन बहादुर राईको नाति, हर्क बहादुर राईको छोरा, इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ११८१ जारी मितिः २०५१/३/२६, स्थान इलाम) भएको **श्री सोम बहादुर राई।**

८. बल बहादुर फेदापेकी छोरी, मान बहादुर राईकी बुहारी, धन बहादुर लिम्बुकी श्रीमती, इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. १२१५/९७ (जारी मितिः २०४६/०२/३० स्थान इलाम) भएकी **श्रीमती इन्द्र माया लिम्बु।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३, बस्ने, **श्री सोम बहादुर राई**को नाममा दर्ता कायम रहेको इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं. १, सिट नं. १ढ कित्ता नं. २२ को क्षेत्रफल ८३४८।५० वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२. इलाम जिल्ला, दानाबारी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३, बस्ने, **श्रीमती केवी माया चेम्जोङ**का नाममा दर्ता कायम रहेको इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं .१, सिट नं. १ढ कित्ता नं. ७५ को क्षेत्रफल ३३०६।८१ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

३. इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. ०३ बस्ने, **श्रीमती इन्द्र माया लिम्बु**को नाममा दर्ता कायम रहेको इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं .१, सिट नं. १ढ कित्ता नं. ७० को क्षेत्रफल २५४३।७० वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२ **ऋणी नाम र ठेगानाको विवरण**

दधिराम पन्तको नाति, नन्दकुमार पन्तको छोरा, झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल झापा जिल्ला. वितामोड न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ०४१००५/३४६ (जारी मितिः २०६५/१२/१८ स्थान झापा) भएको **श्री नरेन्द्र प्रसाद पन्त।**

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. नन्दलाल भट्टराईकी छोरी, नन्दकुमार पन्तकी बुहारी, नरेन्द्र प्रसाद पन्तकी श्रीमती, झापा जिल्ला, बुधबारे गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल झापा जिल्ला, वितामोड न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ४०४११०८३६, (जारी मितिः २०४५/०१/१६, स्थान झापा) भएकी **श्रीमती जानुका देवी भट्टराई।**

२. नन्दकुमार पन्तकी नातिनी, नरेन्द्र प्रसाद पन्तकी छोरी, झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल झापा जिल्ला, वितामोड न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ०४/०१/७६/०५९५०, (जारी मितिः २०७६/०३/१८ स्थान झापा) भएकी **श्रीमती निसा पन्त।**

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरण :

झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ५ स्थायी घर भइ हाल झापा जिल्ला, वितामोड न.पा. वडा नं. ६ बस्ने, **श्री नरेन्द्र प्रसाद पन्त**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, ज्यामिरगढी गा.वि.स. वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. ११२४ र १०२८ क्षेत्रफल १८६.२५ र ३५५.५७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

चिया विकास निगमका मजदुरले दैनिक पाँच सय पारिश्रमिक पाउने

झापामा **चिरञ्जीवी घिमिरे**

चिया विकास निगम लिमिटेडअन्तर्गत सञ्चालन भएका सातवटा चियाबगानका मजदुरले अब दैनिक पाँच सय रुपैयाँ पारिश्रमिक पाउने भएका छन्। बगानमा कार्यरत स्थायी मजदुरलाई सामाजिक सुरक्षा कोषमा समेत लगिने निर्णयसहित पारिश्रमिक वृद्धि गरिएको हो।

चिया श्रमिकको झन्डै डेढ महिना लामो आन्दोलनपछि निगमले शुक्रबार मजदुरसँग सहमति गरेको हो। निगमअन्तर्गत झापामा तीन र इलाममा चार गरी सातवटा बगान छन्। जसमध्ये ६ वटा बगानमा करिब चार सय स्थायी मजदुर रहेको निगमका प्रशासन प्रमुख लोकनाथ दंगालले जानकारी दिए। एउटा बगानमा भने स्थायी मजदुर नभएको उनले बताए। सरकारी जग्गामा रहेका यी सात बगानमा ६५ प्रतिशत निजी क्षेत्र र ३५ प्रतिशत सरकारको स्वामित्व छ।

चियाबगान क्षेत्रका मजदुरहरूले समयानुकूल पारिश्रमिक वृद्धि गर्नुपर्ने, श्रम सम्झौता गरेर काममा लगाउनुपर्ने, सामाजिक सुरक्षा कोषमा मजदुरलाई आबद्ध गराउनुपर्नेलगायत माग राख्दै गत ३१ असारदेखि आन्दोलन गर्दै आएका छन्। मजदुरको आन्दोलनपछि ३२ साउनमा सरकारले राजपत्रमा प्रकाशित गर्दै चिया क्षेत्रका मजदुरको पारिश्रमिक बढाएर दैनिक पाँच सय रुपैयाँ पुऱ्याएको थियो। यसअघि मजदुरले दैनिक चार सय ३५ रुपैयाँ मात्र पाउँदै आएका थिए। यस्तै, सरकारले राजपत्रमा श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कार्यान्वयन गर्नुपर्ने तथा प्रचलित कानुनबमोजिम श्रम सम्झौता-नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चय कोष, उपदानलगायतका सुविधा अनिवार्य लागू हुनुपर्नेछ। उक्त पारिश्रमिकभन्दा कम लिने-दिने गरी रोजगार सम्झौता गर्न नपाइने उल्लेख छ।

राजपत्रमा प्रकाशित यही प्रावधानअनुसार शुक्रबार निगम र मजदुर नेताबीचको वार्तालले चिया विकास निगममा कार्यरत मजदुरलाई दैनिक पाँच सय उपलब्ध गराउने सहमति भएको हो। उक्त ज्याला साउन १ गतेदेखि नै लागू हुनेछ। मजदुरले साउनको पनि ज्याला पाउने भएका छन्। यस्तै, बगानमा कार्यरत स्थायी मजदुरलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्ने सहमति भएको अखिल नेपाल चिया मजदुर संघकी केन्द्रीय अध्यक्ष सीता सापकोटाले जानकारी दिइन्। 'यो सहमतिलाई सकारात्मक रूपमा लिनुपर्छ। मजदुरको आन्दोलनको सफलताको एउटा खुट्किलो पूरा भयो,' उनले भनिन्, 'विगतमा सबै बगानले मजदुरका माग पूरा गर्दा पनि चिया विकास निगमको बगानले कार्यान्वयन गर्दैनथ्यो। यसपटक निगम नै सरकारले तोकेका सुविधा उपलब्ध गराउन अग्रसर देखियो।'

> भारतमा निर्यात हुने चिया त्यहाँको भन्दा महँगो पारिश्रमिक तिरेर उत्पादन गर्न नसक्ने निजी बगान सञ्चालकको जिकिर

■ माग पूरा गर्न नसक्ने निजी बगानको भनाइ

नेपाल चिया उत्पादक संघले भने सरकारले लागू गरेको नयाँ पारिश्रमिक दिन नसक्ने जनाएको छ। यस्तै, सामाजिक सुरक्षा कोषमा पनि जान नसक्ने चिया उत्पादक संघको भनाइ छ। ५० प्रतिशतभन्दा धेरै चिया भारतीय बजारमा जाने र सरकारले भारतमा भन्दा एक सय रुपैयाँ बढी मजदुरको ज्याला तोकेकाले त्यो ज्याला दिन नसक्ने संघले जनाएको छ।

चिया क्षेत्र नै संकटमा रहेको र चिया उद्योगीहरू पलायन हुने अवस्थामा पुगेको नेपाल चिया उत्पादक संघका महासचिव शिवकुमार गुप्ताले बताए। उनले सरकारले लागू गरेको ज्याला कुनै हालतमा दिन नसक्ने पनि बताए। सरकारले बढाएर लागू गरेको न्यूनतम पारिश्रमिकले संकटमा रहेको चिया क्षेत्रलाई झन् संकटमा पुऱ्याउने बताए। 'चिया क्षेत्रप्रति सरकार संवेदनशील भएन। जस्तो कि विगतमा चिया क्षेत्रमा पनि विद्युतीय महसुल कृषि क्षेत्रमै जस्तो छुट दिन्थ्यो। तर, अहिले अन्य उद्योग जस्तै छुटबिना नै महसुल लिन्छ,' उनले भने, 'चिया क्षेत्र संकटमा छ। हामी पारिश्रमिक वृद्धि गर्न सक्ने अवस्थामा छैनौं।'

सरकारले ज्याला निर्धारण गरेपछि र सामाजिक सुरक्षा कोषमा जाने गरी राजपत्रमा प्रकाशित गरेपछि भने मजदुरहरू 'पर्ख र हेर'को रणनीतिमा छन्। 'वृद्धि भएको ज्याला साउन १ गतेदेखि नै लागू हुने गरी सरकारले राजपत्रमा उल्लेख गरेको छ। बगानले प्रायः १५ दिनमा पारिश्रमिक दिन्छ। तसर्थ, हामी अब १५ दिन पर्खन्छौं। मजदुर नेतृ सीता सापकोटाले भनिन्, 'जुन बगानले सरकारले तोकेको पारिश्रमिक र अन्य सुविधा दिँदैनन्, त्यहाँ आन्दोलन हुन्छ।'

चार जलविद्युत्मा ३६.३७ अर्ब लगानी स्वीकृत



नयाँ पत्रिका

लगानी बोर्डले विभिन्न चार जलविद्युत् आयोजनाका लागि ३६ अर्ब ३७ करोड रुपैयाँ लगानी स्वीकृत गरेको छ। २२ मेगावाटको रोल्वालिङ खोला, ६३ मेगावाटको छुजुंग खोला, ३९.९५ मेगावाटको दाना खोला र ४४.५२ मेगावाटको सानीभेरी जलविद्युत् परियोजनाका लागि उक्त लगानी स्वीकृत गरिएको हो।

शुक्रबार लगानी बोर्डका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकले लगानी स्वीकृत गरेको हो। बैठकले सात सय ५६ मेगावाटको तमोर जलाशययुक्त जलविद्युत् परियोजना कार्यान्वयन अघि बढाउने सम्बन्धमा हालसम्मको विकासक्रमको समीक्षा गर्दै परियोजनाको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्न उच्चस्तरीय समिति गठन गर्ने निर्णय पनि गरेको बोर्डका प्रवक्ता अमृत लम्सालले जानकारी दिए।

उक्त परियोजना अघि बढाउने जिम्मा पाएको चिनियाँ कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेसन अफ चाइना लिमिटेड (पिसिसिएल)ले सम्झौताअनुसार काम गरेको छैन। पिसिसिएलले नेपालको जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडिसिएल)सँगको संयुक्त लगानीमा उक्त आयोजना बनाउने गरी बोर्डसँग ०७६ माघमा सम्झौता गरेको थियो।

सम्झौता भएको मितिले दुई वर्षभित्र आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सक्ने भनिए पनि हालसम्म उक्त काम सकिएको छैन। त्यसपछि बोर्डले चिनियाँ कम्पनीलाई गत जेठमा स्पष्टीकरण सोधेको थियो। कम्पनीले नेपाललले सहयोग नगर्दा काम नगरेको जवाफ पठाएको छ। त्यसबारे समीक्षा गरेर परियोजनाको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्न उच्चस्तरीय समिति बनाउने निर्णय गरिएको बोर्डको भनाइ छ।

बैठकले दमकमा रहेको चीन-नेपालमैत्री औद्योगिक पार्कको परियोजना विकास सम्झौता (पिडिए)को अन्तिम मस्यौदा तयार गर्न बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टको संयोजकत्वमा वार्ता समिति गठन गर्ने निर्णय गरेको छ।

त्यस्तै, दाङको राजपुर गाउँपालिकामा दुई सय ४५ मेगावाट र २० मेगावाट ब्याट्री क्षमताको सौर्य ऊर्जा परियोजनाको अध्ययनका लागि डोल्पा हिमालयन इनर्जीलाई अध्ययन अनुमतिपत्र दिने निर्णय गरेको छ। यसका साथै बाँकेको कोहलपुर र कपिलवस्तुको बाणगंगामा दुई सय ५० मेगावाटको सौर्य ऊर्जा विकासका लागि अध्ययनकर्ता रिसेन इनर्जी कम्पनी लिमिटेडबाट पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई बोर्डले जानकारीमा लिएको छ।

बोर्डले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वयनका लागि मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको छ। यसका अतिरिक्त, बोर्ड बैठकले ग्रिन क्यालिसयम एमोनियम निट्रेट (क्यान) फटिलाइजर फ्याक्ट्रीको स्थापना सम्बन्धमा अध्ययनका लागि मलेसियाका रिनोकोलासँग गरिने समझदारीको मस्यौदा पनि स्वीकृत गरेको छ।

बैठकमा लगानी बोर्डका सिइओ सुशील भट्टले बोर्डबाट सम्पादित गतिविधि तथा ५४औं बोर्ड बैठकका निर्णयको कार्यान्वयन अवस्थाबारे प्रस्तुतीकरण दिएका थिए।

बोर्ड बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतो, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, निजी क्षेत्रका विज्ञ सदस्यहरू भवानी राणा, हरिभक्त शर्मा र राजेशकाजी श्रेष्ठलगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

एसिया कपकै युवा टोली नेपाल

एसियन क्रिकेट काउन्सिलको तथ्यांकअनुसार पहिलोपटक सहभागी नेपालका खेलाडीको औसत उमेर २२ वर्ष र सर्वाधिक सातपटकको विजेता भारतीय खेलाडीको औसत उमेर २९ वर्ष रहेको छ



एसिया कपको तयारीमा रहेका नेपाली खेलाडी शुक्रबार करौंचीमा अभ्यास गर्दै । तस्बिर सौजन्य क्यान

एजेन्सी

नेपाल र पाकिस्तानबीच ११ भदौमा हुने खेलसँगै १६औँ एसिया कप क्रिकेट प्रतियोगिता आधिकारिक रूपमा सुरु हुनेछ । यस प्रतियोगितामा एसियाली राष्ट्रको मात्र सहभागिता रहेको छ । आइसिसीको पूर्ण सदस्य भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान सीधै छनोट भएका राष्ट्र हुन् । नेपाल पहिलोपटक एसिया कपमा छनोट भएको हो । नेपालले एसिसी प्रिमियर कपको उपाधि जित्दै प्रतियोगितामा स्थान पक्का गरेको थियो । यसपटक श्रीलंका र पाकिस्तानमा संयुक्त रूपमा एसिया कप हुँदै छन् ।

भारतले सुरक्षा र राजनीतिको कारण देखाउँदै छिमेकी पाकिस्तानमा प्रतियोगिता नखेल्ने जनाउँदा एसियन क्रिकेट काउन्सिल (एसिसी)ले श्रीलंकालाई सहआयोजक बनाएको छ । प्रतियोगिता सुरु हुनुअघि पाकिस्तान र भारतका क्रिकेट बोर्डले अडान राख्दा एसिया अन्योलमा परेको थियो । तर, तटस्थ भूमिमा पाकिस्तानसँग भारत राजी भएपछि एसिया कपले निरन्तरता पायो । प्रतियोगितामा सहभागी राष्ट्रमध्ये नेपाल मात्र एकदिवसीय मान्यता प्राप्त हो । नेपाल आइसिसीको एकदिवसीय वरीयतामा १५औँ स्थानमा छ । सहभागीमध्ये पाकिस्तान शीर्ष स्थानमा छ ।

पाकिस्तान विश्व एकदिवसीय वरीयताको दोस्रो स्थानमा छ । विश्व क्रिकेटमा प्राप्त सफलताका आधारमा भारत सर्वाधिक सफल हो । भारतले दुईपटक एकदिवसीय विश्वकप र टी-२० क्रिकेट हात पारेको छ । पाकिस्तान र श्रीलंकाले समान आइसिसी टी-२० विश्वकप र एकदिवसीय विश्व विजेता ट्रफी उचालेका छन् । प्रतियोगिताको सर्वाधिक च्याम्पियन भारत हो । भारतले सातपटक उपाधि हात पारेको छ । भारतले अन्तिमपटक सन् २०१८ मा उपाधि जितेको थियो । श्रीलंकाले ६ पटक ट्रफी चुमेको छ । श्रीलंका प्रतियोगिताको साबिक विजेतासमेत हो ।

पाकिस्तानले दुईपटक एसिया कप चुम्यो । भारत अहिलेसम्म १० पटक फाइनल खेल्दा तीनपटक उपविजेता बन्यो । श्रीलंकाले समान १२ पटक फाइनल खेल्दा ६ पटक उपविजेता बन्यो । पाकिस्तानले पाँचपटक फाइनलको स्थान बनाउँदा दुईपटक च्याम्पियन भएको हो । बंगलादेश तीनपटक उपविजेतामा सीमित भएको छ । यसपटकको विजेताले कम्तीमा दुई करोड भारतीय रुपैयाँ पाउनेछ । प्रतियोगिताको समूह 'ए'मा नेपाल, पाकिस्तान र भारत छन् ।

समूह 'बी'मा बंगलादेश, अफगानिस्तान र श्रीलंका रहेका छन् । प्रतियोगितामा सहभागिता जनाउने ६ राष्ट्रमध्ये सबैभन्दा युवा टोली नेपाल हो । आयोजक पाकिस्तान र भारत पाका टोलीमा परेका छन् । भारतका कप्तान रोहित शर्माको उमेर ३६ वर्ष एक सय १३ दिन रहेको छ । यसैगरी, बंगलादेशका कप्तान सकिव अल हसन खेलाडीमध्ये सबैभन्दा पाका हुन् । उनको उमेर ३६ वर्ष एक सय ४१ दिन रहेको छ ।

नेपालका गुल्सन झा कम उमेरका खेलाडीमा दर्ता भएका छन् । नेपाली टोलीमा आबद्ध खेलाडीको औसत उमेर २२ वर्ष रहेको जनाइएको छ । यसैकारण एजेन्सीहरूले नेपालीलाई युवा टोली मानेको हो । अहिलेसम्म श्रीलंका र अफगानिस्तानले खेलाडी घोषणा गरेका छैनन् ।

नेपाली खेलाडी १७ देखि ३१ वर्षसम्मका

नेपाली टोलीमा १७ वर्षदेखि ३१ वर्षसम्मका खेलाडी छन् । अलराउन्डर करण केसी सबैभन्दा पाका खेलाडी हुन् । एक दशकभन्दा लामो समयदेखि टोलीमा रहेका सोमपाल कामी दोस्रो पाका खेलाडीमा पर्छन् । कप्तान रोहित पौडेल २० वर्षका छन् । अनुभवका आधारमा करण र सोमपाल नै सिनियर खेलाडी हुन् । त्यसपछि रोहित र लेग स्पिनर सन्दीप लामिछाने हुन् । सन्दीपको मुद्दा काठमाडौं जिल्ला अदालतमा चलिरहेका कारण उनी पाकिस्तान जाने वा नजाने यकिन भइसकेको छैन ।

खेलाडी	उमेर
गुलसन झा	१७
कुशल मल्ल	१९
प्रतिश जिसी	१९
अर्जुन साउद	२०
रोहित पौडेल (कप्तान)	२०
भीम सार्की	२१
सन्दीप जोरा	२१
आसिफ सेख	२२
मोसम ढकाल	२२
दीपेन्द्रसिंह ऐरी	२३
किशोर महतो	२३
सन्दीप लामिछाने	२३
ललित राजवंशी	२४
आरिफ सेख	२५
कुशल भुर्तेल	२६
सोमपाल कामी	२७
करण केसी	३१

पाकिस्तानको औसत उमेर २६ वर्ष

आयोजक पाकिस्तानले एसिया कपमा घोषणा गरेका खेलाडीको औसत उमेर २६ वर्ष छ । यस टोलीका चार खेलाडी ३० वर्षमाथिका छन् । फखर जमान, इफ्तिखार अहमद, तैयब ताहिर र मोहमद रिजवान ३० वर्षमाथिका छन् । यस टोलीमा सबैभन्दा पाका खेलाडी फखर जमान हुन् । उनको उमेर ३३ वर्ष हो । सिमर नसिम साह सबैभन्दा युवा खेलाडीमा पर्छन् । उनको उमेर २० वर्ष हो ।

खेलाडी	उमेर
नसिम साह	२०
मोहमद वासिम	२१
मोहमद ह्यारिस	२२
साहिद अफ्रिदी	२३
सदाव खान	२४
इमान उल हक	२७
उसामा मिर	२७
बाबर अजाम (कप्तान)	२८
ह्यारिस उर्फ	२९
अली सलमान	२९
फहिम असरफ	२९
मोहमद रिजवान	२९
मोहमद रिजवान	३१
फरख जमान	३३

भारतका सात खेलाडी ३० वर्षमाथि

प्रतियोगिताकै सर्वाधिक विजेता भारतका सात खेलाडीको उमेर ३० वर्षमाथि रहेको छ । तिलक बर्मा युवा खेलाडी हुन् । उनी २० वर्षका हुन् । कप्तान रोहित, पूर्वकप्तान विराट कोहली, रवीन्द्र जडेजा, सूर्यकुमार यादव, मोहमद सामी, लोकेश राहुल, सार्दुल ठाकुर ३० वर्षमाथिका छन् ।

खेलाडी	उमेर
तिलक बर्मा	२०
लोकेश राहुल	२१
शुभमन गिल	२३
इशान किशन	२५
प्रसिद्ध कृष्णा	२७
कुलदीप यादव	२८
सञ्जु सामसन	२८
श्रेयस आयर	२८
अक्षर पटेल	२९
जसप्रित गुमराह	२९
मोहमद सिराज	२९
हार्दिक पाण्डया	२९
मोहमद सामी	३१
सार्दुल ठाकुर	३१
सूर्यकुमार यादव	३२
विराट कोहली	३४
रवीन्द्र जडेजा	३४
रोहित शर्मा (कप्तान)	३६

बंगलादेशका कप्तान सबैभन्दा पाका

प्रतियोगितामा तीनपटक उपविजेता बनेको बंगलादेशका कप्तान सकिव सबैभन्दा पाका खेलाडीमा परेका छन् । बंगलादेश क्रिकेट बोर्डले घोषणा गरेको टोलीको औसत उमेर २६ वर्ष रहेको छ । सोरिफुल इस्लाम कम उमेरका हुन् । उनको उमेर २२ वर्ष रहेको छ । यस टोलीमा दुई खेलाडी ३० वर्षमाथिका छन् ।

खेलाडी	उमेर
सोरिफुल इस्लाम	२२
समिम हुसैन	२२
तन्जिम तमिम	२२
तौहिद हृदाय	२२
मोहमद नइम	२३
हसन महमुद	२३
अफिन हुसैन	२३
हुसैन सान्तो	२४
मेहदी हसन	२५
मुस्ता फिजुर	२७
सेख हसन	२८
इवादत हुसैन	२९
नसुम अहमद	२८
लिटन दास	२८
तस्किन अहमद	२८
मस्फिकर रहिम	३६
सकिव अल हसन (कप्तान)	३६

बागमती प्रदेशको अध्यक्षमा उठ्ने पारसको घोषणा



नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका छन् । एक दशक राष्ट्रिय टोलीको कप्तानी सम्हालेका उनले अबको यात्रा क्रिकेट व्यवस्थापनमा रहने बताए । बागमती प्रदेशको निर्वाचन १५ भदौमा हुँदै छ । क्यानको व्यवस्थापनमा प्रवेश गर्न धेरैले समर्थन गरेका कारण प्रदेश क्रिकेट संघ हाँक्ने मनस्थितिमा पुगेको उनले शुक्रबार पत्रकार सम्मेलनमा बताए ।

बागमती प्रदेशका ६ मध्ये चार जिल्लाले पारसलाई समर्थन गरेका छन् । काठमाडौं, ललितपुर, भक्तपुर र मकवानपुरले उनलाई बागमती प्रदेश अध्यक्षमा उठाउने प्रतिबद्धता जनाएका हुन् । 'बागमतीको निर्वाचनमा अध्यक्षका लागि उम्मेदवारी घोषणा गर्दछु,' उनले भने । काठमाडौंका अध्यक्ष दिवाकर घले, भक्तपुरका मनीषराज पाण्डे, मकवानपुरका करन महत क्षेत्री र ललितपुरका शेखर श्रेष्ठले पारसलाई बागमती प्रदेश अध्यक्षमा उठाउने निर्णय गरेका हुन् । उनीहरूले संयुक्त रूपमा पारसको समर्थन गर्दै हस्ताक्षर गरेका छन् ।

'हामी चार जिल्ला यहाँ छौं, अध्यक्षमा मेरो समर्थनमा चारै जिल्लाले साथ दिने प्रतिबद्धता जनाएका छन्, सबैका साथमा निर्वाचनमा लागेको हुँ,' चार जिल्लाको समर्थन रहेको जनाउँदै पारसले भने । उनलाई चितवन र नुवाकोटले साथ दिएका छैनन् । 'नुवाकोट र चितवनलाई पनि सँगै लाने योजना थियो, तर सकारात्मक वातावरण बनेन,' उनले भने । बागमतीको अध्यक्षमा चितवनका सुदीप पियाले पारसलाई चुनौती दिनेछन् । पियालाई क्यान कार्यवाहक सचिव दुर्गाराज पाठकको साथ छ ।

> दुई वर्षअघि राष्ट्रिय टोलीबाट सन्न्यास लिएका पूर्वकप्तान पारस खड्काको बागमती प्रदेश अध्यक्षमा बहुमतका साथ विजयी हुने दाबी

बहुमत आउने विश्वास

साउनमा भएको काठमाडौं जिल्ला क्रिकेट संघको निर्वाचनमा पारस सदस्यमा सर्वसम्मत भएका थिए । अध्यक्षमा घले चुनिएका थिए । काठमाडौंको सदस्य बनेसँगै पारसले प्रदेश अध्यक्ष उम्मेदवारी दिने बताएका थिए । घलेले पारसजतिको क्षमतावान् व्यक्तिलाई अगाडि लैजानुपर्ने प्रतिक्रिया दिएका छन् । 'पूर्वकप्तान पारससँग केही गर्रौं भन्ने भावना छ, हामीले यत्तिको क्षमतावान् व्यक्तित्वलाई क्रिकेट विकासको बाटोमा अग्रसर गराउन समर्थन गरेका हौं,' घलेले भने । बागमतीमा कुल ३७ मतदाता छन् । ६ जिल्लाबाट समान चार गरी २४ र हालको कार्यसमितिबाट १३ भोट हुनेछ ।

चार जिल्ला र अहिलेको कार्यसमितिका अधिकांश सदस्य आफ्नो समर्थनमा रहेकाले बहुमतका साथ विजयी हुने पारसले विश्वास राखेका छन् । 'चार जिल्ला र १३ पदाधिकारीमध्ये सातजना हाम्रो पक्षमा हुनुहुन्छ, अध्यक्ष जित्न १९ भोट चाहिन्छ, अहिले नै लगभग २३ भोट पक्का छ,' उनले भने । उनले प्रदेशको नतिजापछि क्यानको केन्द्रको निर्वाचनमा केन्द्रित हुने बताए । उनले क्यानको केन्द्रीय कार्यसमितिको निर्वाचनमा सचिव पदमा दाबेदारी दिन चाहन्छन् ।

हारे पनि नेपाल फाइनलमा

नयाँ पत्रिका

चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा मलेसियासँग ६ विकेटले पराजित भए पनि नेपाली महिला टोली फाइनलमा पुगेको छ । मलेसियाको बायुमासमा पहिलो ब्याटिङ गरेको नेपालले १८ ओभरमा सात विकेट गुमाएर ८३ रन बनाएको थियो । प्रत्युत्तरमा मलेसियाले १६.२ ओभरमा चार विकेटको क्षतिमा ८५ रन बनायो । लगातार दुई खेलमा जित निकालेको नेपालले चार अंक बटुलेर अन्तिम दुई स्थान पक्का गरेको हो । जितले मलेसिया फाइनलमा पुग्न सकेन । हङकङ पनि फाइनलमा पुगेको छ । प्रतियोगितामा नेपाल, हङकङ र मलेसियाले समान चार अंक बटुलेका थिए । तर, रनरेटमा मलेसिया पछि रहँदा नेपाल र हङकङले उपाधि भिडन्त पक्का पारेका हुन् ।

फितलो ब्याटिङ

मलेसियाविरुद्ध नेपाली खेलाडीले फितलो ब्याटिङ प्रदर्शन गरे । मध्यक्रमका तीन ब्याट्समयानबाहेक अन्य खेलाडीले गतिलो रन बटुल्न सकेनन् । काजल श्रेष्ठ, इन्दु बर्मा र कप्तान रुबिना क्षेत्रीले मात्र दोहोरो रन बनाए । यसबाहेक अन्य खेलाडीले दोहोरो रन नै बनाएनन् ।

काजलले २१ बलमा एक चौकाको सहयोगमा १८ रन बनाइन् । लगातार खेलमा ब्याटिङ राम्रो प्रदर्शन गरेकी इन्दुले ३३ बल खेलेर २० रन बनाइन् । कप्तान रुबिनाले आक्रामक ब्याटिङ गरिन् । उनले २६ बलमा एक छक्का र दुई चौकाको सहयोगमा २३ रन जोडिन् । यसबाहेक ओपनर पूजा महतो (१), सीता रानामगरले (९), कविता जोशीले (४) र कविता कुँवरले (१) रनको योगदान दिए ।



मलेसियाका लागि तीन बलरले समान दुई विकेट हात पारे । हमिजाह हस्मिनले १३ रन खर्चेर दुई विकेट हात पारिन् । महिराज इमैलले २३ रनमा दुई विकेट तथा नुर अवादले २० रन खर्चेर दुई विकेट हात पारे । नेपालले इनिङ्सको ०.५ ओभरमै पूजालाई गुमाएको थियो । काजल र सीतासँगको दोस्रो विकेटका लागि २५ रनको साझेदारी गरे । इन्दु र रुबिनाले चौथो विकेटका लागि ३० रन जोडे ।

ओपनर हमिजाह चम्किइन्

मलेसियाले लक्ष्य पछ्याउँदा ओपनर हमिजाहले उत्कृष्ट ब्याटिङ गर्दै अन्तिमसम्म नटआउट रहिन् । उनले ३९ बलमा ३७ रन बनाउन तीन चौका प्रहार गरिन् । यसैगरी, महिराहले २४ बलमा २१ रन बनाइन् । उनले एक चौका प्रहार गरिन् । हमिजाह र महिराहले चौथो विकेटका लागि ४३ रनको साझेदारी गरेका थिए । यसैगरी, नजवा अब्दुलले नौ बलमा पाँच रन, इलिसाले सात बलमा चार रन बनाए ।

कप्तान रुबिनाले लक्ष्य पछ्याउन बलिङका क्रममा नेपालका सात बलर प्रयोग गरेकी थिइन् । नेपालका लागि पूजा, सीता र रुबिनाले एक-एक विकेट लिए । रुबिनाले तीन ओभरमा १५ रन खर्चिइन् । कविता कुँवरले दुई ओभरमा नौ रन दिइन् । सीताले चार ओभरमा २१ रन खर्चेकी थिइन् ।


एएफसी च्याम्पियन्स लिग खेल्न नेमार भारत आउने

क्वालालम्पुर / ब्राजिलियन खेलाडी नेमार एएफसी च्याम्पियन्स लिग खेल्न भारत आउने भएका छन् । एसियाली फुटबल महासंघ (एएफसी)ले बिहीबार एएफसी च्याम्पियन्स लिग र एएफसी कपको समूह विभाजन गरेको हो । नेमार अहिले साउदी प्रो लिग अल हिलालमा अनुबन्ध छन् । अल हिलाल र भारतको मुम्बई सिटी एफसी च्याम्पियन्स लिगको समूह 'डी'मा छन् । एएफसीको नियमअनुसार हरेक टोलीले होम एन्ड अवेका आधारमा खेल खेल्नुपर्नेछ ।



अब, साउदी अरेबियाको शीर्ष क्लब अवे खेल खेल्न पुणे आउनेछन् । मुम्बईले आफ्नो घरेलु मैदान पुणेको श्री शिव छत्रपति कम्प्लेक्सलाई मान्यता दिएको छ । समूह 'डी'मा मुम्बई र अल हिलाल साथै उज्वेकिस्तानको नाभबाहोर नमांगन र इरानी क्लब एफसी नस्साजी मजनदरन छन् । विश्व फुटबलमा हलचल मच्चाएको साउदी प्रो लिगले युरोपका चर्चित खेलाडी अनुबन्ध गरिरहेको छ ।

अल हिलालमा नेमारसँगै सेनेगलका काउलीबाली, पोर्चुगलका रुबेन नेभेस र सर्बियाका मिट्रोभिक भित्रिएका छन् । एएफसीले विभिन्न ४० क्लबलाई १० समूहमा विभाजन गरेको हो । जसमा साउदी अरेबिया, जापान र दक्षिण कोरियाका चार-चार क्लबले भाग लिँदै छन् । यसैगरी, पोर्चुगलका क्रिस्टियानो रोनाल्डो सम्मिलित नल नासर भने समूह 'इ'मा छ । समूहमा पर्सेपोलिस एफसी, अल दुहेल एससी र एफसी इस्टिक्लोल छन् ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com